# जातीय तथा भाषिक आधारमा सङ्घीय राज्यहरुको निर्माण : अवसर र चूनौतिहरु

बालकृष्ण माबुहाङ्
जनसंख्या अध्ययन, केन्द्रीय विभाव त्रि.वि.

## १. विषय प्रवेश

सन् २००१ को राष्ट्रिय जनगणनाका आधारमा नेपालमा १०० जात/जाति (Caste/ Ethnic Groups), चार प्रकारका नश्ल (Race), ९२ थरी भाषा–भाषि (Mother Tounge) र आठ प्रकारका धर्मावलम्वी (Religion) छन । सन् १९९१मा जात/जातिको संख्या केबल ६० मात्र थियो । त्यो भन्दा अघि पनि जात/जातिका आधारमा जनगणना लिने गरिएको भएता पनि नेपालमा कति जात/जाति रहेकाछन भन्ने विषयमा सरकारी तथ्याङ्क सार्वजानिक हुन सकेको थिएन । त्यसका लागि सरकारी नीतिनै एकातिर जिम्मेवार थिए भने अर्कातिर सम्बन्धित निकायहरु अल्पसंख्यक भाषाहरुप्रति उदासिन (a likewarm attitude) देखिनु जिम्मेवार थियो (शर्मा, १९८६)। सन् १९९०मा भएको राजनीतिक परिवर्तन र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनरस्थापनासंगै आएको राजनीतिक परिवर्तनको एउटा उपलब्धिका रुपमा जात/जातिको बारेमा तथ्याङ्क आउनुलाई पनि लिने गरिएको छ (गुरुङ्ग, २००६) । मानवीय ज्ञानमा आफ्नो समुहको बोधसंगै आफना सदस्यहरुको सहि रुपमा गन्ति गर्ने प्रचलन सुरुभएको हुनु पर्दछ र संगै आफूलाई मन नपरेकालाई आफ्नै समुदायबाट छुटाइ दिने प्रवृत्तिको पनि । नेपालमा सन् १९५२/५४मा पहिलो पल्ट सम्पन्न जनगणनालाई औपचारिक रुपमा वैज्ञानिक पद्धतिबाट सम्पन्न गरिएको जनगणना भनीएता पनि यो र यस पछिका तथ्याङ्कहरुको विश्वसनीयता माथि विगत ६ दसक देखि, विशेषत जनगणनामा नसमेटीएका र सामाजिक रुपमा वहिस्कृत समुदायहरु र प्राज्ञिक क्षेत्रको, आलोचना (भट्टचन १९९१; दाहाल, १९९५; माबुहाङ वि.स. २०५६) मूक्त हुन सकेको छैन । नेपाल कुनै एउटा जातिको बहुसंख्या भएको मुलुक नभै विभिन्न स साना जात/जातिहरु बसोबास गरेको मुलुक हो । मुलुकको कुल आवादीको लगभग १६ प्रतिसत जनसँख्या भएको क्षेत्री (खत्री+खस) सबै भन्दा ठुलो जाति हो भने, करिब १२ प्रतिसत संख्या भएको पर्वते बाहुन दोस्रो ठुलो जाति हो । राजा पृथ्वीनारायण शाहले आफ्नो दुःखले आर्जेको मुलुक नेपाललाई चारवर्ण छत्तिस जातिको भनेबाट पनि ठुला साना जात/जातिहरु बसोबास गरेको वास्तविकता स्पष्ट हुन्छ । जुनकुरो लामो समय सम्म विना तथ्याङ्क कुन जात/जाति कतिको सङ्ख्यामा रहेकाछन भन्ने कुराको जानकारी नदिइ गुमराहमा राख्ने काम भयो । एकातिर सामाजिक बहुलता हाम्रो नेपाली समाजको यथार्ततहो भन्ने, तर बहुलताका भिन्न भिन्न जात/जातिको समुल रुपहरुको चर्चा नगर्ने । गर्दा मुलुकमा विखण्डन हुन्छ भन्ने जुन विसङ्गतिछ, त्यसको तात्पर्य के हुन सक्छ? नेपाली समाजको एउटा अहम प्रश्नको रुपमा यो विसङ्गति रहेकोछ ।

भौगोलिकरुपमा एकिकृत नेपाल बनाउने राजा पृथ्वी नारायण शाह थिए । उनले एकिकरण गर्नका पछाडी के कारक तत्वहरु थिए, धेरै चर्चा भएको हामी पाउँछौं । जस्तो उनको जातिको जनसङ्ख्यालाई चाहिने रसद पानी नपुगेर अन्य जातिहरुको अधिनको स्रोत र साधन हत्याउनु पर्ने भएर हो ? उनको जातिको जनसंख्या निरपेक्ष बाहुल्यतामा थियो ? उनी अरुलाइ आफ्नो बसमा ल्याउन महत्वकाँक्षी भएर हो ? छिमेकी भारत वर्षमा यूरोपयनहरुको औपनिवेसिक अतिक्रमणबाट उनले पनि औपनिवेसिक सिको गरेका हुन ? यूरोपियन औपनिवेसीकरणबाट आफूलाई जोगाउन उनले पनि सक्ति पुनरगठन गर्न भौगोलिक एकिकरणको जुक्ति रचेका हुन ? आदि यस्ता अनगिन्ति प्रस्नहरु इतिहाँसका विद्यार्थीहरुले स्वाभाविकरुपमा उठाउने प्रस्नहरु हुन । तर उत्तरहरु भने इतिहाँसको अनन्त पाटाहरुमा अझै अस्पष्ट रहेको छन । बरु भनिँदै, लेखिँदै र पढिँदै आएको इतिहासका राजा पृथ्वी नारायण शाह कुटनीतिक मात्र थिएनन छलकपट र षडयन्त्रपूर्ण तवरबाट अरुलाई बसमा ल्याउन काविल थिए (सेल्भी...) । अमानवीय क्रुरता[1] पनि उनीमा थियो । रणनीतिक बल प्रयोगमा सामर्थ्य राख्दथे । त्यसकारण अन्य राज्यहरु माथि

[1] *कीर्तिपुरेहरुको १७ धार्नी भन्दा अधिक नाक कान काटि दिएको घटना ।*

चडाइ गर्न सफल भए । उनको एकिकरणको प्रयत्नमा धेरै जातिहरुलाई चडाइ गरेर नेपाल बनाएको घटनालाई एउटा राष्ट्र बन्नका लागि घटने स्वाभाविक घटनाका रुपमा लिने गरिएता पनि त्यसले स्थापित गरेको एकल जातीय राज्यको आधारशिला आलोचना रहित बन्न सकेन । परिणामत मुलुकले सामाजिक वहिष्करणको अथाह भार आज बोक्नु परिरहेको हो । आधुनिक राष्ट्रिय राज्यका रुपमा नेपाल विकसित हुन नसकेको, बरु जातीय विभेद र हिन्दू राजतन्त्रात्मक शामन्ति राज्य व्यवस्थाको निरन्तर शोषणको मारमा परेका विशेषत आदिवासी/जनजाति, मधेशी, र धार्मिक अल्पसंख्यक जस्तो इस्लाम समुदायले नेपालको भौगोलिक एकिकरणमानै चित्त बुझाएर राजा पृथ्वी नारायण शाहको गुनगान गाउन नसकेको याथार्तता (माबुहाङ वि.सं. २०६०) अन्यले पनि बुझ्न प्रयत्न गर्नु आवश्यक छ ।

बहुजातीय, बहुभाषिक, तथा बहुसाँस्कृतिक सामाजिक धरातलमा रहेको नेपाल काठमाण्डौबाट विगत २३८ वर्ष देखि निरन्तर शासित भयो । जबकी काठमाण्डौ नेवार जातिको ऐतिहासिक राज्य, बसोबास, संस्कृति, भाषा, र रहनसहन भएको सामाजिक यथार्तता हो । घोडे जात्रामा सामरिक हात हतियार प्रदर्शन गरेर, नेवार जातिलाई आफ्नो बसमा राख्न ठकुरी राजाहरु सामर्थ्य भएको भनाई स्व. डा. हर्क गुरुङ्ग बारम्बार भन्नु हुन्थ्यो । त्यसरीनै महाशीवरात्रीमा मधेशी तर्साउन सैनीक मञ्चमा सैनिक प्रर्दसनको आयोजना गर्ने गरिएको उहाँको भनाई थियो । यसरीनै राजा पृथ्वी नारायण शाह र उनी पछिका उत्तराधिकारीहरुले राजतन्त्रात्मक शासन पूर्व मेची देखि पश्चिम महाकाली सम्म चलाए । हिन्दू वर्णाश्रम व्यवस्थाको उच्च जातकाले आफ्नो धर्म, भाषा, संस्कृति, लिपी– नेपाल र नेपालीको, र अन्य सवै– अनेपाल (?) र अनेपालीको (?), भन्ने अवास्तविक धारणाको खेति गरेर शासन चलाए । सामाजिक यथार्तता अनुरुपको शासन व्यावस्थाको अभाव संरचनागत रुपमा देखियो । जनताका प्रतिनिधिका नाममा काठमाण्डौमा भेला भएका जनप्रतिनिधिहरुले (भरसक एकै जातका, भिन्न जातिका भए पनि शासक जातिको भाषा, संस्कृति, मनोविज्ञान र रहनसहनमा सम्मिलन भैसकेकाहरुले) बनाएको ऐन, कानुन, नीति तथा कार्यक्रमका आधारमा नेपालले विगत सैयौं वर्षको समय मुफतमा गुजार्‍यो । एकात्मक र केन्द्रीकृत राज्यले पारित गरेका कानुन, प्रशासन नीयमबाट प्रताडित जाति, जनजातिहरु वास्तविक सामाजिक वहिश्करणको मारमा परेका हुन । यो विसँगति सम्बोधन गर्न राज्यले कस्तो संरचनाको निर्माण गर्दछ, यो प्रश्न आम जनताको चासो मात्र नबनेर द्वन्द्वलाई सदाको लागि शान्तिमा रुपान्तरण गर्ने वैधानिक प्रश्न पनि हो ।

नेपालको पछिल्लो सरकारी तथ्याङ्क अनुसार (एन.पि.सी. २००५) गरिबीको वितरण अत्यन्त असमान प्रकारले छ । प्रश्न यतिखेर सम्पन्न र विपन्न वीचको बर्ग संर्घसको कुरा मात्र नभै कुन वर्ग के कारणले विपन्न बन्दै जाँदैछ, र अर्को कसरी गरिबीबाट मूक्त हुँदै जाँदैछ, तिनको बारेमा शुक्ष्म विश्लेषणको खाँचो रहेकोछ । सन् १९९५/९६मा पहाड र तराइका उच्च जातमा सयकडा ३४ जना गरिब थिए, जुन सन २००३/४मा आएर केबल १८ जना मात्र बाँकी भए । अर्थात ४६ प्रतिसतले गरिबीको संख्या घट्यो । तर मुस्लिम समुदायमा सयकडा ४४ जना गरिब भएकोमा ८ वर्ष पछि ४१ जना गरिबका गरिबै रहे । अर्थात मुस्लिम समुदायमा केबल ६ प्रतिसतले गरिबी घट्यो । त्यसरीनै पहाडे जनजातिमा ४८ जना गरिब भएकोमा ८ वर्ष पछि पनि ४४ जना गरिबका गरिबका गरिबै भेटिए । जनजाति समुदायमा केबल १० प्रतिसतले गरिबी घट्यो । दलितमा सयकडा ५८ जना गरिब भएकामा ८ वर्ष पछि ४६ जनामा गरिबको संख्या घट्यो । अर्थात २१ प्रतिसतले गरिबी घट्यो । यसरी हेर्दा के अवस्था स्पष्ट हुन्छ भने गरिबीको थुप्रो अव मुस्लिम, जनजाति, दलितमा केन्द्रीत हुन पुग्यो भने गरिबीबाट तिब्र गतिमा उच्च जातको जनसँख्या मुक्ति पाउन थाल्यो । हिजो र आज पनि जात/जातिको आधारमा समाजमा गरिबी, अशिक्षा, वेरोजगारी, जस्ता समस्याहरु भएका नभै वर्गिय रुपमा सम्पन्न र विपन्न विचको समस्याहरु भनेर चित्रित गर्ने गरिन्थ्यो । स्पष्ट लक्ष्मण रेखा कोरिएकोछ कि जातिगत, भाषागत, क्षेत्रगत र लैङ्गिक रुपमा निरन्तर राज्यबाट विभेदमा परेका समुदायहरुमा अब गरिबीको थुप्रो लाग्न थाल्यो । यो विसँगतिको हल कसरी गर्ने भन्ने समस्या आज अहम प्रश्न बनेर उभिएकोछ ।

नेपालको राज्य व्यवस्थाको सामन्ती चरित्र सामन्तबादकै रुपमा विकास भइसकेको थियो वा थिएन बहसको विषय होला, तर सन् पचासको दसकमा उजागर भएको राणाशाही विरुद्धको आन्दोलन राजशाही सामन्तवादको विरुद्धको थिएन । सातसालको जनआन्दोलन त्यसकारण पनि जनतालाई वास्तवमा सार्वभौम बनाउने ध्येयको नभै सामन्तवादी राज्य सत्तामा सुधार गर्ने ध्येयको थियो । प्रजातन्त्र र स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने जनताका वास्तविक चाहाना र भावना परपम्परागत राजशाही सामन्तवादको स्वार्थमा नराम्रो गरी फस्यो । राजशाही सामन्तवाद आम नेपालीको साझा संस्कृति र सम्पदाको प्रतिक नभै हिन्दू आर्य संस्कृतिको अनुनायी (नेपाल अधिराज्यको संविधान सन् १९९१) मात्र हो । त्यसकारण हिन्दू धर्म प्रधान सामन्तबादको प्रतिक राजतन्त्र कायमै रहेको छ । हिन्दू संस्कृतिको जरा नेपालको परम्परागत मौलिक संस्कृतिको उपज नभै भारतवर्षबाट मूघलको

आक्रमणबाट बच्न नेपालको पश्चिम पहाडी भूभागमा शरण लिंदै विस्तारै मौलाएर पूर्वसम्म फैलिएको संस्कृति हो (विष्ट, १९९१)। यहि संस्कृति राज्यको आधारशीला बनाउने र अन्य संस्कृति जो प्राकृत अश्तित्वमा रहन चाहान्थे उनको सर्वनाश गरेर हिन्दू वैद्धिक आर्य संस्कृतिको गुणगान गाउनाले नेपालको वास्तविक राष्ट्रिय संस्कृतिको निर्माण हुन सकेन । सामन्तवाद जाति, धर्म, भाषा, क्षेत्र र संस्कृति निरपेक्ष नभै राज्य सत्तामा एकाधिकार स्थापित गर्ने जातिः बाहुन–क्षेत्री प्रधान, धर्मः हिन्दू प्रधान, भाषाः नेपाली भाषा प्रधान, क्षेत्रः पर्वते प्रधान, र लिँगमा पूरुष प्रधानको हो । यो विसङ्गतिको विरुद्धमा उठेको आवाजहरुको सही नेतृत्व गर्ने राजनीतिक सक्तिको निर्माण अझसम्म पनि हुन नसक्नु अर्को सामाजिक विसङ्गति रहेकोछ ।

नेपाल अहिले एक दसक लामो रक्तपात पूर्ण युद्धको मारबाट मूक्त भएर शान्तिपूर्ण पुनरसंरचनाको आधारभूत मुद्धा कसरी हल गर्ने एउटा ऐतिहासिक दायित्व र अवसरबाट समय गुजारी रहेछ । निश्चयनै असंख्य अपेक्षाहरुको सम्बोधन हुनु पर्दछ भन्ने आग्रहहरु अस्वाभाविक नमानी समस्याको गम्भिरताका आधारमा प्राथमिकिकरण गरेर समस्याहरुको तत्कालै समाधानको आवश्यकता एकातिर छ भने ऐतिहासिक दायित्व र अवसर गुमाउन कुनै पनि हालतमा नहुने अवस्था अर्कातिर छ । त्यसको लागि निश्चयनै राज्यको अघि देखिएका समस्याहरुको समाधानको एउटा स्पष्ट मार्ग चित्रको आवश्यकता छ । यो विसङ्गति माझ द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न नेपालको अगाडी धेरै चूनौतिहरु सामना गर्नु परेको अवस्था छ । चुनौतिलाई सामना गर्न अपनाउनु पर्ने प्रक्रिया र राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक संरचनाहरु हासिल गर्नु पर्ने मुद्धाहरु अझै चुनौतिपूर्ण र कठिन कार्यहरु हुन । यस सन्दर्भमा राज्यले संरचनागत रुपमा एकात्मकताबाट संघात्मक संरचनामा राज्य जाने मार्ग लिएको सन्दर्भमा सङ्घीय राज्य कसरी बन्नु उपयूक्त हुन्छ र यसका चुनौति र अवसरहरुको विषयमा चर्चा गर्नु यो कार्यपत्रको प्रमूख ध्येय रहेको छ । निश्चयनै त्यसका लागि जातिगत तथा भाषागत आधारबाट भावी बन्न सक्ने सङ्घीय राज्य यो कार्यपत्रको अवधारणा हो ।

## २. जातिगत तथा भाषिक जनसंख्याको सघनताका आधारमा सङ्घीय इकाई बन्ने अवधारणाहरु

२.१ नेपालको कुल आवादीको केबल १३.६ प्रतिसत सहरी जनसँख्या रहेकोछ (तथ्याङ्क विभाग २००३)। अर्थात बाँकी ८६ प्रतिसत ग्रामिण जनसंख्या हो । विभिन्न जाति तथा भाषाका मानिसहरु मिश्रीत रुपमा बस्ने भनेको सहरी क्षेत्रमा सघन हुने गर्दछ । ग्रामिण जनसँख्या गाउँ, टोल, वडा, गाविसहरुमा अधिकाँसत एकल जातीय, भाषिक वा सांस्कृतिक रहने गर्दछ, किनकी नेपालका अधिकाँस ग्रामिण भेकका बस्तीहरु परम्परागत सामाजिक सम्बन्ध र पूर्वाधारहरुमा रहेका छन । कुनै जाति, भाषा, वा संस्कृति विशेष सघनता ग्रामिण भेकमा अझै अश्तित्वमा रहेको छ । राज्यको विगतको संरचनाले तिनलाई भत्काउन भरमग्दुर प्रयत्न गर्दा पनि नसकेको कारण विगत १० वर्ष सम्मको लगातार यूद्ध र २०६२ सालको जनआन्दोलनमा त्यो आत्मनिर्णयको अधिकार सहित जातीय स्वायत्तताको मुद्धा बनेर मुखरित भयो । मुलुक अहिले सङ्घीय राज्य प्रणालीको बाटोमा अघि बडीसकेको सन्दर्भमा जातिगत तथा भाषागत सघन उपस्थितिलाईनै आधार बनाइउनु द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने बढी सरल र सहज उपाय हो ।

२.२ सहरी मिश्रित जनसंख्या पनि पूर्ण रुपमा मिश्रित नभै आँशिक रुपमा मात्र हो । किनकी आजका सहरहरु हिजोको परम्परागत सामाजिक बस्तिहरुको बिस्तारबाट बनेका हुन, जहाँ सहर बन्नु अघि कुनै न कुनै जात, जनजाति वा भाषिको गाउँ रहने गर्दथ्यो । सहरी जनसंख्यामा पनि कुनै एउटा जातिको परम्परा देखिनै सघन उपस्थिति रहने गर्दछ । नया बन्ने सहरको सहरी जनसँख्या पनि पूर्णरुपमा मिश्रित बन्छनै भन्ने छैन, किनकी समाजमा, राज्यमा पहुँचहुने र सहरमा बस्न सक्ने वर्ग र जातिको वाहुल्यता बन्नगै उसको जातिगत सघनताको सम्भावना त्यतिकै प्रबल हुन्छ । अर्थात नेपालको सहरी जनसँख्या जातिगत तथा भाषिक आधारमा सङ्घीय राज्य बन्नको लागि प्रतिकुल रहन्छ भन्ने दरिलो आधार छैन ।

२.३ नेपालको कुल जनसँख्याको १ प्रतिसत भन्दा अधिक जनसँख्या भएका जातिहरुलाई आधार बनाएर जातिगत वा भाषिक सङ्घीय राज्य बनाउनका लागि उपयूक्त स्वरुप प्रदान गर्दछन भन्ने हो । यद्यपि

जनसँख्या मात्र प्रमूख भने हुन्न । कुल आवादीको १ प्रतिसत भन्दा अधिक जनसँख्या भएका १८ जात/जातिहरुले मुलुकको कुल आवादीको ८१ प्रतिसत जनसँख्या ओगटदछन ।

२.४ भौगोलिक (तराइ, पहाड, र हिमाल) स्वायत्तता सामाजिक, भाषिक, र जातिगत संयोजनको आधारमा पनि व्यवहारिक हुन्न । तराइ भौगोलिकरुपमा एक क्षेत्र भएता पनि जातिगत तथा भाषागत रुपमा एउटै होइन । भाषिक तथा जातिगत स्वशासित राज्यहरु तराइमा बनीसके पछि भौगोलिक स्वशासित राज्यको औचित्य रहन्न । यो अनुकुलता राज्यले उपयोग गर्न सकेन भने भौगोलिक रुपमा एउटै तराइ स्वशासित राज्य वा स्वतन्त्र तराईको मुद्दाले तेज लिन्छ । त्यसकारण जातिगत तथा भाषागत आधारको सङ्घीय राज्य प्रणालीको औचित्य तराइको लागि पनि महत्व राख्दछ ।

## ३. विश्लेषणमा प्रयोग गरिएको तथ्याङ्क र पद्धति

राष्ट्रिय जनगणना २००१को जात/जातिको जनसँख्या गा.बि.स. स्तरमा विश्लेषण गरेर उपयूक्त सङ्घीय राज्यहरु बन्न सक्छ कि सक्दैन भनेर विचार गर्दा धेरै जात/जातिको जनसँख्या अत्यन्त स साना रहेको कारण सानालाई संरक्षण र ठुलालाई स्वशासनको एक सुत्रीय आधार लिनु पर्ने देखिन्छ । त्यसका लागि राष्ट्रिय आवादीको १ प्रतिसत भन्दा ठुला जात/जातिहरुलाई सङ्घीय राज्य बन्नका लागि जनसाँख्यिक आधार लिन सकिन्छ कि भन्ने हो । उपयूक्त प्रतिसत भन्दा माथिकालाई मात्र सङ्घीय राज्यको खाका बनाउन आधारभूत इकाईका रुपमा लिइएकोछ, अर्थात कुल जनसङ्ख्याको सवा दुइलाख सम्बन्धित जाति र अन्य जात/जातिको आवादी गरेर उपयूक्त आकार बन्न सक्दछ भन्ने हो । त्यसकारण १ प्रतिसतलाई सङ्घीय राज्य बन्नको लागि उक्त प्रतिसतलाई आधार विन्दू ( Cut- off point) मानीएको हो । किनकी सवका सव जात/जातिका आधारमा सङ्घीय राज्य बन्न सक्दैन ।

अर्को ३९१५ गाविसहरु अध्ययनको इकाइहरु बनाइएकोछ । जातिगत जनसंख्याको पहुँच जिल्लागत वितरणमा हेर्ने गरिन्छ, जुन उपयूक्त छैन । कुल राष्ट्रिय आवादीको १ प्रतिसत भन्दा अधिक जनसँख्या भएका जातिहरु मध्ये कुनै जाति कुनै पनि गा.वि.स.हरुमा भरसक निरपेक्ष वाहुल्यतामाभै कुनै क्षेत्रमा सघन रुपमा उपस्थिति हुँदो होत त्यसको आधारमा सङ्घीय राज्यको आकार निरुपण गर्न सकिन्छ । दुइ वा त्यो भन्दा धेरै जातिहरु भिन्न भिन्नै आकार बनाएर वा एक अर्कामा खप्टिएर वा ठुलो जाति भित्र स साना जातिहरु समाहित भएर बस्न सक्दछन । यस्ता विभिन्न खाले प्रवृत्तिहरु देखा पर्न सक्दछन । आजको समयमा कुनै पनि मुलुकमात केबल आफना मात्र नागरिक बसोबास गर्दैनन भने उही मुलुकमा विभिन्न पृष्ठभूमि र क्षेत्रका नागरिकहरु मिसिएर रहने कुनै अनौठो कुरो होइन । तर प्रश्न के हो भने मौलिकरुपमा विभिन्न उत्पतिका र उत्पति स्थानमानै घनीभूत रुपमा उनीहरुको सघनता यदि आज पनि छ त्यसकारआधारमा सङ्घीय राज्य वा इकाइहरुको निर्माण गर्नु पर्ने हुन्छ ।

गा.वि.स.हरु अध्ययनको आधार इकाइहरु मान्नु सवैभन्दा उपयूक्त हुन्छ । हुनत गा.वि.स.हरु भन्दा अझ शुक्ष्म इकाइत वडाहरु हुन्थ्यो होला तर त्यो तहसम्मको तथ्याङ्कको अभावछ । विगतको राज्यको मातहत निकायहरु बन्दा अपनाइएका मापदण्डहरु के के थिए ? केन्द्रीकृत तथा एकात्मक राज्य व्यवस्थाको हुकुमी आदेश, र त्यससंग सम्बन्धित भै आउने राजनीतिक नेताहरुको निहित स्वार्थ जिल्लागत र क्षेत्रगत इकाइहरुको गठनका लागि निर्णायक बन्ने गर्दथ्यो । सन् १९९० पछि आम निवार्चन क्षेत्र निर्धारण गर्दा पनि यी आधारहरु प्रयोगमा आएका थिए । बहुजाति, बहुभाषि, बहुसांस्कृतिक पृष्ठभूमि भएका जनसंख्याको उपस्थितिलाई विगतका राज्य गठन वा पुनरगठनका आधार बनाइएन । हिजोको जिल्ला, अञ्चल वा क्षेत्रगत इकाइहरु बनाउँदा जातीय वा भाषिक जनसंख्याको वितरणलाई आधार नबनाई सकभर सिंगो जाति वा भाषिलाई फुटाउने सोच  राज्यको थियो । यहि सोच र यीनै इकाइहरुको आधारमा विश्लेषण गरेर जातिगत वा भाषागत आधारमा सङ्घीय राज्य प्रणालीको लागि आवश्यक हुने राज्यका इकाइहरु (प्रान्तहरु) बन्न सक्छन भनेर तर्क गर्नु अग्रगामी सोच हुन्न । गा.वि.स.हरु हिजोको वा आजको राज्य व्यवस्था दुवैको लागि निकैहद सम्म साझा विन्दूहरु हुन सक्छन । आजका गा.वि.स.हरु हिजोका गाउँहरु हुन र तिनको सिमानाहरु निर्क्यौल गर्दा गाउँका मानिसहरु जहाँ परम्परागत रुपमा बसोबास गर्दछन, उनीहरुको पनि सरोकार समेटनु पर्ने हुँदा र सकभर समेटिएको हुन्थ्यो । किनकी यी इकाइहरुमा जनता स्वयम् उपस्थित हुन सक्थे, जुन जिल्ला, अञ्चल वा विकास निर्वाचक्षेत्र निर्धारण गर्दा सम्भव हुन्नथ्यो । त्यसकारण तुलनात्मक रुपमा गा.बि.स.हरु जातिगत बसोबास र सघन उपस्थितिका लागि सङ्घीय राज्यको सम्भाव्यता अध्ययनका लागि उपयूक्त इकाइहरुका रुपमा लिइएका हुन ।

जनसँख्याको वितरण हेर्दा पहिलो पटक निरपेक्ष बाहुल्यता (५० प्रतिसत भन्दा अधिक) गा.वि.स.मानै १८ भन्दा अधिक जातिहरुको बसोबास हेरिनेछ । कुनै पनि गा.बि.स.मा कुनै पनि जाति जस्को जनसँख्या ५० प्रतिसत भन्दा अधिक यदि रहेकोछ भने र त्यस्ता गाविसहरु सघनरुपमा एकै स्थानमा रहेको या नरहेको भौगर्भिक सूचना पद्धतिबाट (GIS) नक्साहरु निकालेर जातिगत जनसँखयाको सघनतालाई सम्भावित सङ्घीय राज्य बन्न महत्व राख्दछन वा राख्दैनन भनेर हेरिनेछ । जातिको निरपेक्ष वाहुल्यता भएको गाविसहरुको सघन वासस्थलको सिमा भित्र वा वाहिरको असमान अवस्थालाई अझ बडी सघन बनाउने ध्येयले सम्बन्धित गा.वि.स.मा उक्तजातिको ३० प्रतसत सम्मको उपस्थितिलाई दोस्रो पटक हेरिनेछ । यसो गर्दा सुहाउँदो उपयूक्त राज्यहरुको स्वरुप बन्न सक्छ भन्ने अवधारण हो । तर दुइ या त्यो भन्दा अधिक जातिहरुको जनसँख्या खप्टिने सम्भावना त्यहाँ प्रबल रुपमा रहने हुन्छ, त्यसकारण भरसक नखप्टिने अवस्था सृजना गर्न त्यतिकै ख्याल राख्नु पर्ने हुन्छ । एवम प्रकारले सम्भावित राज्यको निश्चितता भइसकेको अवस्थामा त्यसैको सिमा भित्र वा बाहिरका गाविसहरुमा सम्बन्धित जातिको सघनतालाई बडीजोड दिन १० प्रतिसत सम्मको जनसँख्या हेरिनेछ ।  तर त्यो उपयूक्त अवस्थामा मात्र । किनकी यसमा कम जनसँख्या भएकोलाई मान्यता दिने तर अधिक संख्या भएको जाति पूर्णरुपमा वेवास्ता हुन सक्ने सम्भावना रहन दिइन्न । भाषिक सघनताका आधारमा सङ्घीय राज्यहरुको निर्माण विशेषत तराइको सन्दर्भमा लिइएकोछ । यहाँ तराई शब्द भौगोलिक या इकोलोजीकल क्षेत्रको अर्थमा लिइएकोछ भने मधेस तराई क्षेत्र भित्रको साँस्कृतिक उपक्षेत्रको अर्थमा लिइएको छ । किनकी थारुवान, मैथली भाषिक प्रदेश, मोरँगिया, वा अन्य विभिन्न संस्कृति तथा जातीय पहिचानहरु विद्यमान रहेको अवस्था तराइमाछ ।

## ३. तथ्यगत विश्लेषण

### ३.१ मूख्य जात/जाति र तिनको सामाजिक आधारशिला

तालिका: जातिगत वितरण सन् १९९१ र सन् २००१ को राष्ट्रिय जनगणनाका

| जात/जाति | प्रदेश | सन् 1991 | | सन2001 | |
|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % |
| 1.क्षेत्री | पहाड | 2968082 | 16.05 | 3593496 | 15.80 |
| 2. वाहुन | पहाड | 2388455 | 12.92 | 2896477 | 12.74 |
| 3. मगर | पहाड | 1339308 | 7.24 | 1622421 | 7.14 |
| 4. थारु | तराई | 1194224 | 6.46 | 1533879 | 6.75 |
| 5. तामाङ्ग | पहाड | 1018252 | 5.51 | 1282304 | 5.64 |
| 6. नेवार | पहाड | 1041090 | 5.63 | 1245232 | 5.48 |
| 7. मूस्लिम | तराई | 653055 | 3.53 | 971056 | 4.27 |
| 8. कामी | पहाड | 963655 | 5.21 | 895954 | 3.94 |
| 9. यादव | तराई | 765137 | 4.14 | 895423 | 3.94 |
| 10. राई | पहाड | 525551 | 2.84 | 635151 | 2.79 |
| 11.गुरुङ्ग | पहाड | 449189 | 2.43 | 543571 | 2.39 |
| 12.दमाई | पहाड | 367989 | 1.99 | 390305 | 1.72 |
| 13. लिम्बु | पहाड | 297186 | 1.63 | 359379 | 1.58 |
| 14.ठकुरी | पहाड | 299473 | 1.62 | 334120 | 1.47 |
| 15. सार्की | पहाड | 276224 | 1.49 | 318989 | 1.40 |
| 16. तेली | तराई | 250732 | 1.36 | 304536 | 1.34 |
| 17. चमार | तराई | 203919 | 1.10 | 269661 | 1.19 |
| 18. कोइरी | तराई | 205,797 | 1.11 | 251274 | 1.11 |

स्रोत: के त वि २००३

नेपालमा सबैभन्दा ठुलो जनसँख्या भएको जाति क्षेत्री हो (१५.८%)। यद्यपि क्षेत्री जात भित्र धेरै अस्पष्टताहरु छन । गाउँघरको बोली चालिमा क्षेत्री भन्नाले थापा, बस्नेत, कार्की, खड्का, कटुवाल, बानिया, बोहोरा, कुवर, रावत, रोक्का, बुडाथोकी, लगायत बाहुन जातका विभिन्न उपजातहरु पनि क्षेत्री भएको हामी पाउँछौं । बाहुन जातका उपथरहरु जो क्षेत्री जातमा पनि पाइन्छ उनीहरु के.सी. वा खत्री क्षेत्री भन्ने गरेको पाइन्छ । दोस्रो ठुलो जातिमा पहाडे बाहुन जात (१२.७४ %) रहेकोछ । बाहुन जातमा पनि उपाध्याय, जैशी, कुमाई आदि विभिन्न तहगत विविधता सामाजिक रुपमा पाइन्छ । पहाडे हिन्दू धर्मावलम्बी जात सम्प्रदायमा वैश्य जाति नभएको दाबी विज्ञहरुको रहेकोछ (दाहाल, २००७) भने परम्परागत वर्णाश्रम सामाजिक व्यवस्थामा सुद्र भनीएका र सामाजिक छुवाछुतको भेदभाव लामो समयदेखि भोगिरहेका जाति हालको सामाजिक आन्दोलनमा आफूलाई साझा पहिचान “दलित” ले चिनाउँदछन । दलित भनेर राष्ट्रिय जनगणनामा नया सामाजिक पहिचान उल्लेख गर्न सम्बन्धित समुदायहरुले प्रयत्न गरेको भएपनि परमपरागत रुपमा नामकरण गरिएका जातिहरु कामी (३.९४ %), दमाई (१.७२ %), र सार्की (१.४० %), पर्वते दलितहरु नेपालको कुल आवादीको उल्लेखनीय आकारमा रहेका छन । हिन्दू वर्णाश्रम सनातम

संस्कृतिका वा धर्मका जात सम्प्रदायका समुहहरुमा ठकुरी नेपालको राजाको आफ्नो जाती हो, जसको जनसँख्या नेपालको कुल जनसँख्याको केबल १.४७ प्रतिसत मात्र रहेकोछ।

सामाजिक उच–निचको संरचना (Hirarchical Structure) प्रचलित रहेको जात प्रथा (Castism) अन्तरगतको सामाजिक विसङ्गति संरचनागतरुपमा सम्बोधन गर्नु पर्ने एउटा अहम मुद्धा छ । विशेष दलित समुदायले आरक्षणको अपरिहार्यता उठाएको देखिन्छ भने अधिकतम रुपमा जातीय स्वशासनको अधिकारको पैरवी गरेको छ । दक्षीण एसियामा विशेष गरी एकप्रकारको जातीय विभेदको चरण रुप रहेको छुवाछुत प्रथा आरक्षणको माध्यमबाट सम्बोधन गर्न खोजीएता पनि उपयूक्त तवरबाट सम्बोधन गर्न नसकीएको छिमेकी राष्ट्र भारतको अनुभव रहेकोछ । मानव नश्लीय र भाषिक मापदण्डबाट मापन गर्ने हो भने दलित जाति र पर्वते उच्च जात वीच कुनै भेदभाव छैन, तर उच्च जातीय अहँकरबादबाट उत्पन्न छुवाछुत प्रथा र हिन्दूवर्णाश्रम रीतिरिवाजको देखासिखी गर्ने हिन्दूकृत जनजातीबाट दलित शोषित छन । हुनत जनजाति भाषिक तथा वर्णाश्रम संस्कृतिको उच–निचको संरचना (Hirarchical Structure) दुवैबाट विभेदछ । यो समस्या सकारात्मक पहल (Affirmative Action) वाट सम्बोधन गर्न सम्भव हुन्थ्यो, तर छुवाछुत प्रथामा कथित उच्च जातिकाको नजरमा साना जातका मानिस प्रति हुने पूर्वाग्रहपूर्ण व्यवहारले सामाजिक वहिस्करण निरन्तर हुने हुंदा, आवधिक आरक्षण कोटाको व्यवस्था बाट मात्र समाधान गर्न सकिने हुन्छ (गोपाल गुरु, २००४) । त्यतिले पनि सम्बोधन हुन सकेन भने स्वशासनको प्रत्याभूति जहाँ दलित समुदाय सघनरुपमा बसोबास गरेका गाविसहरुको संयूक्त निकायलाई गठन गरेर पनि गर्न सक्नु पर्दछ । त्यसको ध्येय भनेको एउटा सानो भन्दा सानो निकाय किन नहोस जुन सामाजिक, साँस्कृतिक तथा राजनीतिक रुपमानै दलित शासित संरचनामा विना जातीय हैकम दलित राज्यबाट शासित हुन दिनु पर्दछ भन्ने हो । यो संरचनाले विस्तारै छुवाछुत मूक्त समाज र स्वशासित राज्यको ग्यारण्टी उदाहरणीय रुपमा प्रस्तुत गर्नेछ । यसको विरुद्ध उभिनु भनेकोनै दलित जातिको सम्पूर्ण अशितत्वलाई अश्विकार गर्नु हो । दलित राज्यमा सह अशितत्वको भावना र मान्यता बोकेकाका लागि त्यो राज्य संधै स्वागत योग्य रहने र नचाहानेको लागि त्यो राज्यमा बस्नै पर्दछ भन्ने करकापको अवस्था पनि नहुने हुँदा, त्यो दलित स्वशासित राज्यको रुपमा विकास हुन्छ । यो प्रयोग नेपालको दलित समस्याको लागि मात्र नभै पुरै दक्षिण एसियाको लागि पनि उदाहरणीय बन्न सक्नेछ ।

| जात/जाति | गा.वि.स.हरु<br>≥ 50 %<br>अधिक जनसंख्या भएका | ≥ 30 %<br>अधिक जनसंख्या भएका | ≥ 10 %<br>अधिक जनसंख्या भएका |
|---|---|---|---|
| १. क्षेत्री | 401 | 895 | 1972 |
| २. मगर | 179 | 378 | 900 |
| ३. तामाङ् | 165 | 306 | 644 |
| ४. बाहुन | 110 | 419 | 1509 |
| ५. थारु | 108 | 238 | 446 |
| ६. गुरुङ् | 79 | 123 | 307 |
| ७ .राई | 76 | 179 | 338 |
| ८ .लिम्बू | 45 | 106 | 187 |
| ९. यादव | 39 | 166 | 589 |
| १०. मूस्लिम | 36 | 138 | 514 |
| ११. नेवार | 30 | 73 | 394 |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, उत्थान राष्ट्रिय प्रतिष्ठान आदिवासी/जनजाति

नेपालको जात/जातिको विषयमा हेर्ने हो भने राज्य स्तरमा आदिवासी/जनजातिको पहिचान भएका जातिहरु उल्लेखनीय समुहमा रहेका छन । मुलुकको कुल जनसँख्याको ३७ प्रतिसतको हारा हारीमा जनसंख्या ओगटने ५९ आदिवासी/जनजाति समुदायहरु सरकारले राज्य स्तरबाटनै कानुनी रुपमा मान्यता प्रदान गरेकोछ (प्रतिष्ठान ऐन, २००१) । सन् १९९१मा कुल २६ आदिवासी/जनजाति समुदायहरुको तथ्याङ्क मात्र प्रकासमा आएको थियो भने सन् २००१मा ४३ आदिवासी/जनजाति समुदायको तथ्याङ्क प्रकासमा आयो । यी जातिहरुलाई पहिचान गर्‍यो भने, राष्ट्र टुक्रिन्छ भन्ने मान्यता र सोच बोकेको मुलुकको शासकीय चिन्तन, यी जातिहरुलाई मान्यता दिने भन्दा पनि यीनिहरुलाई यतिकै रहन दिनु पर्दछ, र राज्यमा चाहीँ हाम्रै मात्र स्थान राख्नु पर्दछ (राम मणी आदि, सन् १९५२/५४) भन्ने पुरातन हिन्दूवादी राज्यको विरासतको अन्त भैनसकेको अवस्थामा उनीहरुको जनसाँख्यिक, आर्थिक तथा सामाजिक हैसियत उजागर गर्न राज्यले जुन तत्परता देखाउन थालेकोछ, त्यसबाट राज्य टुटी हालेको नभै समावेशीका मुद्धाहरु प्रबलरुपमा उठन थालेको चाहिँ पक्कै हो । त्यसकारण समाजका भिन्न भिन्न अंगहरुको

समावेशीकरण हुंदा राज्य टुक्रिने भन्दा पनि सबल हुने स्वयमसिद्ध नियमलाई निषेध गरेर आफ्नो निहित उद्देश्यको लागि राज्यलाई दुरुपयोग गर्न बल गर्ने साम्प्रदायिक सक्ति राज्यको बागडोर सम्हालीरहेका छन ।

जात/जाति समुहरु मध्ये तेस्रो ठुलो जाति मगर (७.१४ %), चौथो थारु (६.७५ %), पाँचौ तामाङ्ग (५.६४ %), पर्दछन भने छैठौं नेवार (५.४८ %), पर्दछ । त्यसरीनै राई (२.७९ %) र गुरुङ (२.३९ %), क्रमशः दसौं र एघारौं जातिहरु हुन भने तेह्रौंमा लिम्बू (१.५८ %) जाति पर्दछ । मूख्य जातिहरु मध्ये तराइको ठुलो जातिमा मूस्लिम (४.२७ %), र यादव (३.९४%) ठुला जातिहरु रहेकाछन भने अन्य जातिहरुमा तेली (१.३४ %), चमार (१.१९ %) र कोइरी (१.११ %) पनि १ प्रतिसत भन्दा अधिक जनसँख्या भएका जातिहरु हुन । नेपाली राज्यको निर्माणमा अखण्डता र विखण्डनको मात्र कुरो उठने गरेकोछ । तर राज्यको अभिन्न खण्डहरुको विषयमा कुरो उठने गरेको पाइन्न । अखण्ड राज्यको एकिकृत आकार बन्न उसका विभिन्न खण्डहरुको भरण पोषण गर्न सक्नु पर्दछ । स्याहार र सम्भार गर्न, अभ्यास र सरसफाइ गर्न सक्नु पर्दछ । जसरी सरीरको कुनै अंगमा आएको सानो घाउले त्यो अंगनै काटनु पर्ने अवस्था सृजना हुन्छ यात सरिरनै पूर्णरुपमा प्रकोपमा परिसके पछि मृत्यू बाट बचाउन सकिन्न राष्ट्रको अखण्डताको प्रश्न पनि त्यसरीनै उसका अभिन्न अंगहरुको हेरचाह गर्ने सोच संगै विकास हुनु आवश्यकछ । नेपाली राज्यलाई आफना सरिरका विभिन्न खण्डहरु समेत थाहा छैन । उपरोक्त जातिहरु नेपाल राज्यका अभिन्न ठुला ठुला खण्डहरु हुन । त्यसरीनै अन्य विभिन्न ससाना अंगहरुको संरक्षण र सम्वर्दन गर्न कसरी सकिन्छ भन्ने ध्येय आजको राज्यको विकासको उद्देश्य हुनु पर्दछ ।

## ३.२ जातिगत बसोबास गाविस स्तरमा

विश्लेषणमा प्रयोग गरिएका १८ जातिहरुको गा.बि.स. स्तरमा हरेक जात/जातिको निरपेक्ष वाहुल्यता (Majority) सबै भन्दा पहिले हेरिएको छ । जस अनुसार क्षेत्री जातको सबै भन्दा धेरै ४०१ गाविसहरुमा निरपेक्ष वाहुल्यता रहेको अवस्था छ भने त्यसरीनै मगर, तामाङ, बाहुन (पहाडे), र थारुको १०० भन्दा अधिक गाविसहरुमा निरपेक्ष बाहुल्यता रहेको छ भने गुरुङ, राई, लिम्बू, यादव, मूस्लिम, र नेवारको ३० भन्दा अधिक गा.बि.स.हरुमा निरपेक्ष वाहुल्यता रहेकोछ । अध्ययनमा १८ जातिहरु, जो कुल आवादीको १ % भन्दा अधिक जनसँख्या ओगटदछन् उनीहरु लिइएको भएता पनि बाँकीको जनसाँख्यिक उपस्थिति ३० गा.बि.स. भन्दा कम भएका हुनाले उनीहरुलाई हटाइए । त्यसरी हेर्दा केबल ११ जातिहरु जो ३० देखि लगभग ४०० गा.बि.स.मा निरपेक्ष बाहुल्यताको अवस्थामा रहेका छन उनीहरुको विश्लेषण गरियो । उनीहरुको जातिगत वाहुल्यतालाई प्रभावित नगरी, त्यहि जातिको स्वशासित राज्य बन्न सक्ने रहेछ वा सक्दैन भन्ने विषयमा आवश्यक निर्णय लिन जनसँख्याको अवस्था सहयोगी हुन्छ । निरपेक्ष वाहुल्यतानै प्रथमत प्रान्तिय राज्य बन्नको लागि जातिगत जनसँखयाको आधार बनाउनु पर्ने हुन्छ र तदअनुरुप कुन कुन प्रान्तिय राज्यहरुचाँहि जातिगत बन्दारहेछन भनेर अध्ययन सुरु गर्न आधार बन्यो । तर निश्चितरुपमा निरपेक्ष वाहुल्यता मात्र आधार मान्नत हुन्न । किनभने मानवीय बसोबासको सिमा राजनीतिक सिमाहरु जस्तो स्पष्ट हुनत सक्दैन । त्यसकारण करिब ३० प्रतिसतको आधारलाई सुहाउँदो जनसाँख्यिक संरचना बन्न काम लाग्न सक्छ भन्ने हेतुले सम्बन्धित जातिको ३० प्रतिसत सम्म आवादि रहेका जातिहरुको नक्सा रेखाङ्क गर्ने कार्य गरियो । आवश्यक जनसँख्या जस्तो अवस्थामा ठुला जातिहरुका आधारमा राज्यको संरचना र साना जातिहरुलाई संरक्षणको प्रत्याभूतिको व्यवस्था गर्ने हुनु पर्दछ । क्षेत्रीको बसोबास गा.बि.स स्तरमा हेर्दा ३० प्रतिसत वा त्यो भन्दा अधिक संख्यामा बसोबास गरेको गा.बि.स.को संख्या ८९५ रहेछ । यसरीनै मगर ३७८ गा.बि.स.मा, तामाङ ३०६ गा.बि.स.मा, बाहुन ४१९ गा.बि.स.मा, थारु २३८ गा.बि.स.मा र गुरुङ १२३ गा.वि.समा । त्यसरीनै राई १७९ गा.बि.स.मा, लिम्बू १०६ गा.बि.स.मा, यादव १६६ गा.बि.स.मा, मूस्लिम १३८ गा.बि.स.मा र नेवार ७३ गा.बि.स.मा । भिन्न भिन्न अनुपातमा विभिन्न ११ जातिहरु गा.बि.स. स्तरमा बसोबास यसरी बसोबास गरेकाछन कि तिनीहरु एउटै प्रवृत्ति नभै विभिन्न प्रवृत्ति चरित्रगत रुपमा उनीहरुले देखाउँछन । क्षेत्री र बाहुन जातले एउटा स्थानमा सघन बसोबासको अवस्था देखाउन सकेनन । उनीहरु भिन्न भिन्न अनुपातमा एकै बिन्दूमा केन्द्रीत हुनु भन्दा पनि जता ततै फैलीने प्रवृत्ति अत्यधिक रहेको देखियो । त्यसको ठिक विपरित लिम्बू जातिले आफ्नो चरित्रदेखाउँदछ । सकभर एकै स्थानमा भिन्न भिन्न अनुपातमा भए पनि केन्द्रकरण हुने प्रवृत्ति लिम्बू जातिले देखाउँदछ । निरपेक्ष वाहुल्यता र तिस प्रतिसत सम्मको जनसाँख्यिक वितरणका हेर्दा गुरुङ्ग, लिम्बू र नेवारको केन्द्रीकरणको विन्दू समान जस्तै देखिएता पनि जब १० प्रतिसत सम्मको जनसाँख्यिक वितरण हेर्नेहो भने केबल लिम्बू मात्र आफनो स्थानमा बढी केन्द्रीकरण हुने प्रवृत्ति देखाउँदछ ।

नक्सा: १ विभिन्न अनुपातमा मूख्य ११ वटा जातिहरुको गा.वि.स. स्तरमा बसोबासको प्रवृत्ति




## ३.३ जातिगत जनसंख्याको वितरण गाविस स्तरमा

विभिन्न अनुपातमा जातिगत जनसँख्याको वितरण गा.बि.स. स्तरमा भएको चर्चा अगाडीनै गरि सकियो । यहाँ अब चर्चा गर्न खोजिएको विषय भनेको सम्बन्धित जातिको कति प्रतिसत जनंख्या विभिन्न अनुपातमा गा.बि.स. स्तरमा बसोबास गर्दारहेछन भनेर हेर्ने हो ।

| | जातिगत जनसँख्या गा.वि.स स्तरमा वितरण | | |
|---|---|---|---|
| | ≥ 50 % अधिक जनसँख्या भएका | ≥ 30 % अधिक जनसंख्या भएका | ≥ 10 % अधिक जनसंख्या भएका |
| थारु | 38.1 | 67.6 | 91.3 |
| तामाङ् | 36.0 | 54.6 | 79.5 |
| मगर | 27.4 | 46.2 | 77.6 |
| राई | 26.8 | 47.6 | 76.6 |
| क्षेत्री | 25.4 | 50.0 | 91.0 |
| नेवार | 23.8 | 47.3 | 73.3 |
| लिम्बू | 23.6 | 51.8 | 81.7 |
| गुरुङ् | 20.1 | 30.6 | 61.8 |
| मूस्लिम | 13.9 | 34.5 | 76.4 |
| यादव | 11.3 | 36.3 | 79.7 |
| बाहुन | 8.6 | 32.6 | 87.3 |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

मूख्य ११ जात/जाति मध्ये सबै भन्दा धेरै ३८.१ प्रतिसत आफनो जनसँख्या थारु जातिको निरपेक्ष वाहुल्यता रहने गा.बि.स.हरुमा बसोबास गरेको देखियो भने ३० प्रतिसत भन्दा अधिक अनुपात रहने गा.बि.स.हरुमा हेर्दा थारु जातिको दुई तिहाइ जनसँखया बसोबास गरेको पाइयो । त्यसरीने तामाङ जातिको कुल जनसँख्याको ३६ प्रतिसत जनसंख्या आफ्नो निरपेक्ष वाहुल्यता भएका गा.बि.स.हरुमा बसोबास गर्ने रहेछ भने करिब ५५ प्रतिसत जनसँख्या ३० प्रतिसत भन्दा अधिक जनसँख्या बसोबास गर्ने गा.बि.स.हरुमा बसोबास गर्ने रहेछ । विशेष गरी पहाडे बाहुन, यादव र मूस्लिम जातिको अवस्था अन्यको तुलनामा तात्विकरुपमा फरक चरित्रको देखियो । जस्तो पहाडे बाहुन जातमा आफ्नो कुल जनसँख्याको केबल ८.६ प्रतिसत निरपेक्ष वाहुल्यता भएको गा.बि.स.हरुमा बसोबास गर्नु अन्य भन्दा भिन्न प्रवृत्ति

हो । यो प्रवृत्ति यादव (११.३ %), र मूस्लिम (१३.९%)मा पनि देखिन्छ, जुन अन्य जातिहरुको भन्दा पृथक चरित्रको रहेकोछ ।

दस प्रतिसतको आधारमा जातिगत जनसँख्याको वितरण हेर्ने हो भने अघिनै विश्लेषण गरे जस्तै सम्भावित जातीय राज्यको आन्तरिक र वाह्य जनसँखयाको वितरण सघन र खंदिलो किसिमले राज्यमा बितरण गर्ने ध्येयको हुनेछ भन्ने हो । त्यसकारण यो अन्य तिर छरिएर जाने सम्भावना पनि हुन्छ । सघन रुपमा जातीय संघ भित्रनै खाँदिएर रहने सम्भावना बाहुन, वा क्षेत्रीमा अत्यधिक, अनी मगर, तामाङ् जातिमा त्यस पछि र लगभग त्यहि अनुपातमा यादब र मूस्लिम जातिमा देखिन्छ। तर जनसँख्याको वितरणको अवस्था हेर्ने हो भने थारुको करिब ९१ प्रतिसत जनसँख्या १० प्रतिसत सम्म वाहुल्यता भएका गा.बि.स. हरुमा वितरण हुने रहेछ, तर क्षेत्रीको १० प्रतिसत जनसँख्या गा.वि.स. स्तरमा वितरण हेर्ने हो भने आफ्नो सघन बसोबास परम्परागत बासस्थानमा नभै मुलुक भरिनै छरिएर रहेको अवस्थाछ । त्यही प्रवृत्ति पर्वते बाहुनको पनि देख्न सकिन्छ । अर्थात मुलुक क्षेत्रीमय वा वाहुनमय छ तर यी दुइ जातिको १० प्रतिसत जनसँख्या प्राय प्राय अधिकाँस गा.वि.स.हरुमा उपस्थिति रहेबाट मात्र हो । निश्चयनै राज्यको हरेक अंगमा उनीहरुको उपस्थिति ८० देखि ९० प्रतिसतको हाराहारीमा रहेकोछ । कतिपय राज्यको अंगमा त झन उनीहरुको उपस्थिति सतप्रतिसत रहनुले पनि त्यसरी जातिगत रुपमा क्षेत्रीमय वा वाहुनमय देखिनु परेको हो । वास्तविकता भनेको हरेक जातिको जातीय वा भाषिक सघनता आ आफ्नो परम्परागत बासस्थलमानै रहेको छ । त्यसकारण आधारमा सङ्घीय राज्यको गठन सुनिश्चित गर्न सक्नु पर्दछ । नेपालले भावि लिने संरचनामा जातगत तथा भाषिक जनसँख्याको सघन उपस्थितिलाई नजरअन्दाज गर्न हुन्न, बरु कुनै न कुनै माध्यमबाट यसलाई राज्यहरु बन्दा आधारशीला बनाइनु पर्दछ ।

## ४. बहस र निचोड

### ४.१ हिन्दू अधिराज्य र पतोन्मूख राजतन्त्र

नेपालमा राजतन्त्रात्मक राज्य व्यवस्था कुनैन कुनै रुपमा रहेको हामी पाउँदछौं, जुन एक जातीय हैकम, बल, षडयन्त्र, र कुटनीतिबाट स्थापित भएको र अश्तित्वमा आउन सकेको हो । नेपाली समाज भने बहुजातीय, बहुभाषिक, तथा बहुसाँस्कृतिक चरित्रको छ । एकल जातीय राजतन्त्रात्मक हिन्दू अधिराज्यको संरक्षण कसले पाए र कस्ले पाएनन भन्दा पनि बहुजातीय मुलुकमा हिन्दू धार्मिक राजतन्त्रात्मक अधिराज्य आफैमा कालजयी हुन सक्दैनथ्यो । उसको आधारशिला र चरित्रगत पक्ष समय र नेपाली समाजको वहुलवादी यथार्तताको पृष्ठभूमिमा जीवन्त बन्न सक्दैनथ्यो । राजतन्त्र बहुजातीय चरित्रको हुनु पर्दथ्यो वा पर्दैनथ्यो ? हुन सक्थ्यो वा हुन सक्दैनथ्यो ? बहसको विषय बन्ला । नेपाली समाजको बहुलतालाई चारबर्ण छत्तिस जातको फूलबारी हो राजा पृथ्वी नारायण शाहले भनेको हवालादिंदै राजतन्त्र नेपाली समाजको एकताको प्रतिकका रुपमा उभ्याउने प्रयत्न पनि विगतमा नगरिएको होइन । तर एकल जातीय धार्मिक अधिनायकत्वको प्रतिक बेनेको प्रष्टता स्वयम आफैले गरे, जब पछिल्लो पटक विश्वका एक अरब हिन्दूहरुको राजा बन्न उनी लालायित भए । नेपालको सिमित सवा २ करोड नेपालीको साझा राजा बन्नु भन्दा विश्वका १ अरब हिन्दूहरुको एकमात्र राजा उनी बनीसके पछि उनी सवै नेपालीको राष्ट्रियताको प्रतिक बन्न नसकेको पुष्टि भयो । अर्कातिर जनताको प्रजातान्त्रिक हक अधिकारलाई कुण्ठित पारेर शासन सत्ता हत्याउने जुन प्रपञ्च गरे, नारायणहिटी काण्डबाट राजा वीरेन्द्रको वंश नास गर्ने जुन नृशंस हत्या भयो त्यसको सत्य तथ्य छानवीन गरेर हत्यारालाई सजाय गर्ने अहम जिम्मेवारी निर्वाह गर्नुको साटो झारो टार्ने खालको आयोग गठन गरेर घटनालाई सामसुम पार्ने काम गरे, त्यत्रो जघन्य घटनाहरुको पृष्ठभूमिमा नेपालको राजतन्त्रप्रति सम्मान र विश्वास हटिसकेको अवस्था छ । निश्चयनै बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक पृष्ठभूमिको बहुजातीय नेपालको लागि एकल जातीय, धार्मिक राजतन्त्र अघोषितरुपमा पतनको संघारमा पुग्नु अस्वाभाविक मानिन्न । सदियौं वर्ष शासकको हैसियतमा बसेको संस्थासंग सम्बन्धितहरुले विकल्पमा के? भन्ने प्रश्न गर्नु पनि अस्वाभाविक होइन तर विकल्प भनेको सार्वभौम जनतालाई नार्ने राजनीनि नभै जनताले नार्ने राज्य व्यवस्थाको निर्माण हो । त्यसकारण अव हिन्दू राजतन्त्र नेपाली एकताको प्रतिक होइन, स्वयम् हिन्दूधर्मावलम्बी जनमानसको, बौद्धिक समुदायको, र भावी पुस्ताको लागि संरक्षकको, आदर र आदर्शको प्रतिक नभै नैतिक, राजनीतिक तथा धार्मिक रुपमानै पनि ह्रास भैसकेको संस्था हो । यो बेला पुराना पुस्ताहरुको लागि केहि छिन रित्तो अवस्थाको आभास भएता पनि पुनरसंरचित राज्यले नया सन्ततिको लागि बरु नया आशा र भरोसा सृजना गर्ने समय हो । हिजै राष्ट्रिय एकताको प्रतिकका रुपमा, राष्ट्रिय राज्यको विकासका लागि अरुनै केहि मार्ग राज्यले अवलम्बन गर्न सक्नु पर्दथ्यो । अझै पनि विकल्पका रुपमा नेपालले मार्ग खोज्नै पर्दछ, र त्यसको

आरम्भ पनि राज्य धर्मनिरपेक्ष भएको घोषणा गर्दै जनताको शार्वभौमिक अशितत्वलाई स्विकार गरी सकेकोछ । जनतानै एकिकृत नेपालको आधारशीला हो भन्ने किटान नेपालीले आफूलाई आफैले विश्वासका साथ घोषणा गर्ने काम सम्पन्न भइसकेको छ । यसको सुरुवात दोस्रो जनआन्दोलन पश्चात विकसित राजनीतिक अवस्था र पुनरस्थापित प्रतिनिधिसभाको ऐतिहासिक घोषणापत्र–२०६३ ले नेपाल धर्मनिरपेक्ष राज्य घोषणा गर्नुले हिन्दू राजतन्त्रात्मक अधिराज्य नेपालको ठाउँमा शार्वभौम, स्वतन्त्र, एकिकृत नेपालको स्थापनासंग अन्तरनिहित सिद्धान्त, मूल्य र मान्यताले सिद्ध गरिसकेकोछ । बाँकि भनेकोनै अव पश्चगामी नभै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गरेर औपचारिक रुपमा त्यसको व्यवस्थापनको काममा लाग्नु । त्यसकारण आजको दिनमा अर्को महत्वपूर्ण प्रश्न नेपाली जनताले हल गर्नु पर्ने भनेको मुलुकलाई एकल धर्म, संस्कृति, बंशका नाउँमा स्थापना भएको सामन्ति विरासतबाट मूक्त गर्ने या उही संरचनामा जेलेर राख्ने भन्ने हो ।

सातसालको राणाशाही विरुद्धमा प्रजातन्त्रको पक्षमा भएको क्रान्तिमानै नेपालले प्रजातन्त, आत्मनिर्णयको अधिकार सहितको शार्वभौम हुने र वास्तवैले जनताले, जनताको लागि, र जनता द्वारा गरिने शासनको चाहानाको भरमग्दुर प्रकट गरेका थिए । तर जनता शासनमा सत्तासिन हुन पाउने शार्वभौम हकको पक्षमा भन्दा पनि राणाशाहीको विरुद्धमा राजशाहीको पक्षमा त्यो क्रान्ति अन्तत रुपान्तरित गर्ने काम भयो । जुन राजा महेन्द्रले २०१७ सालमा औपचारिकता प्रदान गरे । पञ्चायतको ३० वर्षको शासन नेपालले एउटा काल रात्रीको रुपमा भोग्नु पर्‍यो । सम्बत २०४६ सालमा भएको पहिलो जनआन्दोलनको पनि अन्तरविरोध पञ्चायतसंग लक्षीत बनाइयो । अझ एक कदम अघि बढेर त्यो बेला भनीएको थियो कि सम्बत २०४६को जीत राजा, पञ्च र जनता सबैको थियो । राजा वीरेन्द्रलाई तत्कालिन राजनीतिक अन्तरविरोध भन्दा माथि राखेर बचाउने काम गरियो । सट्टामा उनले पञ्चायतलाई निशेध गरे र वहुदलवादीहरु सत्तामा आए । बहुदलबादीहरुको स्वार्थ स्पष्ट बन्यो कि राज्य सत्ता जनताको प्रतिनिधिको नाममा आफूले चलाउने हो, नकी पञ्चले । र राजा आम जनताको मान्यता प्राप्त थान–मानमा बस्ने मात्र हो, जनताको प्रतिनिधिलाई शासन गर्ने होइन । हुनपनि केहि समय यस्तै भयो । जनता राजनीतिक दल अधिनस्त भए र अझै छन । तर राजनीतिक नेता जनताका वास्तविक नेता बन्न पर्ने न बन्न सके, र राजा जनताको मान्यता प्राप्त थान–मानमा संवैधानिक बनेर बस्नु पर्ने न बस्न सके । त्यसरीनै जनताले पनि आफू बहुदलीय प्रजातान्त्रिक राज्य व्यवस्था (?)को सिमा भित्र बस्न मानेनन । नेपालको इतिहाँसमा कहिले नघटेको जनयूद्ध निहत्ता जनताले सेना, पुलिस, र सम्पूर्ण सुरक्षा सम्यन्त्रहरु ध्वस्त पारेर रणनीतिक सन्तुलनको विन्दूमा नेकपा माओवादीको नेतृत्वमा पुगे । तर यस पछिका दिनहरु माओवादीका लागि उपलब्धी पूर्ण हुने वा हात धुने अत्यन्त संगिन घडिमा पुगेको छ । शसस्त्र जनयूद्धको नारामा जनतालाई संगठिन गरेर जबरजस्त गणतन्त्रको पक्षमा यूद्ध सञ्चालन गर्न जति सहज नेकपा माओवादीलाई थियो, अन्तरिम व्यवस्थापिका वा भावी संविधानसभाको पहिलो वैठक वा निर्णयले राजतन्त्रको अन्त घोषणा गर्नु फलामको चिउरा चपाउनु जस्तै भएको छ।

दोस्रो जनआन्दोलनमा जनता राजतन्त्रको अन्तको पनि कुरा गरिरहेका थिए र छन तर उनीहरुका दलहरु राजतन्त्रको अन्तको कुरा गरिरहेका छैनन बरु व्यवस्थापनको कुरा गरिरहेछन । यो विसँगतिको कारण के रहेकोछ भने वहुजातीय, वहुभाषिक, र वहुधार्मिक नेपाली समाजमा राजतन्त्र केबल सामन्तवादको नायक मात्र नभै विशेष गरी हिन्दू धर्मावलम्बी, आर्य संस्कृति, पुरुष प्रधान, नेपाली भाषी र पर्वते उच्च जातको सांस्कृतिक प्रतिक पनि हो । वर्गिय हिसावले सामन्तवादसंग अन्तरविरोध राख्ने त्यही जातिकाले राजतन्त्रको विरुद्धमा सोचेका र लडेका होलान, राजतन्त्रको अन्त गरेर गणतन्त्रको स्थापनाको राजनीतिक सोच बोकेका होलान, तर सांस्कृतिक, भाषिक, र धार्मिक रुपमा उनीहरुको अन्तरविरोध केहि पनि नरहेकोले जनताका पार्टीहरु राजतन्त्रको उन्मूलन होइन व्यवस्थापनको कुरा गर्दछन । यो कुरो जातिगत, भाषागत, सांस्कृतिक, तथा धार्मिक रुपमा अन्य समुदायका लागि भने असहज र बुझिनसक्नु सम्बन्ध हो जुन विगत ५० वर्षको जनसंघर्स, आन्दोलन र क्रान्तिले परिभाषित गर्न सकेको छैन ।

राजतन्त्र वास्तवमा चाहिन्छत ? भन्ने प्रश्न माथि पनि विचार विमर्श गरौं । ग्रिक सभ्यता, र संस्कृतिमा राजतन्त्र भनेको एउटा शासकीय सर्बोच्चताका रुपमा स्विकार गरिएको हुन्थ्यो । राजतन्त्रलाई सवैभन्दा पुरानो शासकीय संस्थाका रुपमा आज पनि लिइन्छ । उन्नाइसौं सदी देखिनै धेरै जसो राजतन्त्रको उन्मूलन हुन थाल्यो यद्यपि विभिन्न प्रकारका ४६ भन्दा अधिक राष्ट्रहरुमा नाम मात्रका देखि क्रियाशील राजतन्त्रहरु अशितत्वमा अझै रहेको पाइन्छ । राजतन्त्रमा निश्चयनै जीवनभर राजाले शासन गर्ने गर्दछन । त्यसको जनादेश भनेको आम नागरिकले आफ्नो बालिग मताधिकारको प्रयोगबाट नभै दैवीक सक्ति माथिको जनताको समर्पणबाट हुन्छ । राजाको श्रीपेच अथवा क्राउन माथि जनताले आफ्नो दैवीक आस्था र विश्वासका रुपमा पहिलेनै समर्पण गरेको हुन्छ (कान्तिपुर टि.भि.संगको वहस कार्यक्रममा विजय पाण्डेसंग तुलसी गिरीको मत) भन्ने मान्यता राखिन्छ । अर्थात इश्वरीय

ज्ञानमा मानिस आउनसाथ आफ्नो शासकीय अधिकार इश्वरका अवतारी राजाले छिनिसकेको हुनेरहेछ । यो मान्यता यदि सत्य हो भने राजाको शासकीय हक माथि प्रश्न गर्नु भनेको भगुवान माथि अविश्वास गर्नु जस्तै हुनेरहेछ । र त्यो नास्तिकहरुले मात्र गर्न सक्ने रहेछन । विशेषत नेपालमा साम्यवादीहरुको संस्कृति भनेको पराम्परागत धार्मिक, सांस्कृतिक, क्रियाकलापहरु सबै शोषण र उत्पिडनका रुप र संयन्त्रहरु मात्र हुन । उनीहरु अधर्मी मात्र होइनन धर्मलाई अफिम ठान्दछन र त्यसरीनै शिक्षित हुन्छन । त्यसकारण राजतन्त्रको खिलाफमा उनीहरु सदैव हुन्छन, किनकी राजतन्त्रनै यी सबै रुढीवादको नायक ठान्दछन । तर यो अवधारणालाई सत्य यदि मान्ने हो भने पनि नेपाल हालमा साम्यवादी समाज भएको घोषणा गऱ्यो भने अत्यूक्ति नहोला । अर्थात आजको अवस्थामा राजतन्त्रको अन्तको आभास पाउनु यहि कारण पनि गाह्रो हुन्न । तर विचित्रै विरोधाभास के पाइन्छ भने नास्तिकको जनसँख्या भने नेपालमा सुन्य छ । अर्थात नेपालका साम्यवादीहरु गणतन्त्रबादी हुन तर नास्तिक भने होइनन । पूर्णरुपमा राजतन्त्रको पतनको पक्षमा नेपालका हिन्दू साम्यवादीहरु नभएको हो ।? निश्चयनै राजा चाहिन्छ भन्ने भनाइसंग संगै आफूले सार्वभौम हुने स्वतन्त्रताको चाहात गर्ने कुरा पूर्णरुपमा विरोधाभाषपूर्ण विचार हुनेछ । त्यसकारण राजतन्त्र र लोकतन्त्र संगै नजाने कुराहरु हुन । बरु एकले अर्कोलाई निषेध गर्नै पर्ने अवस्थासंग सम्झौता गर्ने राजनीतिक सक्तिले कित जनताको सार्वभौम सक्तिको अवमूल्यन गर्ने ध्येय लिएको हुनेछ, कित राजतन्त्रसंगको उसको वर्गिय वा सांस्कृतिक समानताको पक्षपोषण गर्ने काम घुमाइफिराई उसले गरिरहेको हुनेछ ।

## ४.२ लोकतन्त्रान्त्रिक राज्य व्यवस्था

निरुङ्कुश राजतन्त्रको साँगुरो वातावरणबाट गणतन्त्रको लागि यात्रामा निस्केको दोस्रो जनआन्दोलन व्यापक अर्थ र चाहाना बोकेको अपरिभाषित लोकतन्त्रको टुङ्गो सम्विधानसभा बाट हुने नहुने एउटा अनिश्चिततामा अल्झिएकोछ । आठ राजनीतिक दलको संविधानसभामा जाने र त्यसैबाट भावी नेपालको भविश्य सुनिश्चित गर्ने एउटा मोटो सोच यसले बोके भन्दा वेगल लोकतान्त्रिक गणतन्त्रको संरचनागत स्पष्टता हाशिल हुन सकेको छैन । त्यसकारण पनि नेपालको राज्य व्यवस्था रुपान्तरण गर्न एउटा चौतारीको खाँचो लोकतान्त्रिक गणतन्त्रले लिइरहेकोछ, र मोटै होस भावी नेपालको खाका संविधान सभा भइहाल्यो भने त्यसैले तय गर्ने एउटा आशा र विश्वास लोकतान्त्रिक गणतन्त्रबादीहरुको रहेको छ ।

लोकतन्त्र पदावली हिजो सन् १९५० देखि सन् २००० सम्म अर्थात पाँच दसक सम्म प्रयोग गरिएको प्रजातन्त्रको साटोमा सन् २००० पश्चात नेपाली राजनीतिमा विशेष प्रयोगमा आएको हो । हुनत नेपाली राजनीतिशास्त्र वा समाजशास्त्रमा प्रयोगहुने पदावलीको जन्मस्थान भारतीय हिन्दी, संस्कृत, फारसी र उर्दुभाषा हुने गरेको पाइन्छ । नेपालमा प्रजातन्त्रको शब्द प्रयोग भइरहँदा भारतीय साहित्यमा लोकतन्त्र शब्दनै प्रयोग हुने गरेको हो । निश्चयनै दुवै शब्दहरुको अर्थ एउटै भए पनि नेपालमा 'राजा सहितको संसदीय व्यवस्था' को अर्थमा प्रजातन्त्रको प्रयोग भएको थियो भने भारतमा 'राजा, महाराजाहरु विहिन संसदीय व्यावस्था' को अर्थमा लोकतन्त्रको प्रयोग भएको हो । पछिल्लो पटक लोकतन्त्र शब्दको नेपाली साहित्यमा प्रयोग हुन थाल्नुमा राजा विनाको सोच र अर्थमा प्रयोग हुन थाल्यो । शब्द चयनको एउटा सिधा अर्थ भनेको राजा विनाको, जनतानै शार्वभौम हुने, बहुदलीय, जनताले, जनताद्धारा, र जनताका लागि चाहिने व्यवस्थाको चाहाना हो । जुन दोस्रो जनआन्दोलनबाट जनताले दिइसकेको जनादेश हो भन्ने गरिन्छ । यद्यपि आठ राजनीतिक दलका नेताहरुको पनि नेता नेका सभापति गिरिजा प्रसाद कोइरालाका विवादस्पद विचारहरु खासगरी "सेरेमोनियल किङ्ग" को पक्षमा नेका रहेको जुन अभिव्यक्तिहरु सार्वजानिक भैरहेकोछ, त्यो राजतन्त्रको पक्षमा नेका वा सातदलका नेताहरु देखिनु मात्र होइन राजतन्त्रको संरक्षककै भूमिमा आएको बुझिन्छ । जस्तो राजाले पनि स्थान पाउनु पर्दछ भन्ने भनाइलाई थप व्याख्या र सैद्धान्तिकरण वा सामान्यिकरण गर्दै गिरिजाबाबुले भने कि सवैलाई स्पेस दिनु पर्दछ, नत्र उसले भित्ता लागेको महशुस गर्नासाथ विद्रोह गर्दछ । हिजो जनताले विद्रोह गर्न नपाउने, र गऱ्यो भने उसले राज्य विप्लवको निहुँमा मृत्यु दण्डको सजाय दिइन्थ्यो । त्यहि दण्ड पाउनबाट जोगिएका बयोबृद्ध नेता गिरिजाबाबुले राजालाई भित्ता लगाउनु हुन्न, लगायो भने उसले विद्रोह गर्दछ भन्छन । अर्कोतिर राजाले विद्रोह के का लागि गर्ने? यदि शासन गर्न चाहान्छन भने २३८ वर्षत शासननै गरेनी ?। यसरी शासन गर्दा के के गरेनन, अव के गर्न अझै उनलाई बाँकीछ र विद्रोह गर्छन ।? फेरि पनी निरँकुश शासन गर्न विद्रोहको जरुरत परेको हो भने त्यसको नियन्त्रण गर्न सार्वभौम सत्ता सम्पन्न जनाको प्रतिनिधि राज्य सरकारको काम उसले पनि विद्रोह गर्न पाउनु पर्दछ भन्ने हो ? यी प्रश्नहरुको तर्कसंगत जवाफ राजनेताहरुसंग नहुनु दुखक कुरो हो । यी तार्किक प्रश्नहरुको जवाफ अन्य विधाबाटै खोजौंला, तर राजाको कुन चाहिँ जायज हक, अधिकार कुण्ठीत हुन गैरहेछ, गणतन्त्र घोषणा गर्दा र उनले गरेको विद्रोहको पक्षमा गिरीजाबाबुले त्यसको सही थाप्नु पर्ला भनेर स्पेश दिने मनसुवा व्यक्त गरिरहेछन ।? केवल आलो

पालोमा को कति धैर्य भएर पर्खने वा सवैको चित्त बुझाउने र आफ्नो शासनको आयू लम्ब्याउने ध्येय नेताहरुको हुनुनै आजको राजनीतिको ठुलो विसङ्गति बन्यो ।

लोकतान्त्रिक राज्य व्यवस्थाको अपरिभाषित अर्को पाटो भनेको गणतन्त्र हो । कतिपय अभिमत के रहेकोछ भने गणतन्त्र स्वयम लोकतान्त्रिक हुन्छ, त्यसलाई लोकतान्त्रिक गणतन्त्र भनेर विशेषण जोडिरहनु पर्दैन (स्व. हर्क गुरुङ्ग विभिन्न विचार अन्तरक्रियाहरुम व्यक्त उहाँको विचार)। प्रतिवादी तर्कहरु के गर्ने गरेको सुनिन्छ भने, होइन गणतान्त्रिक मुलुकहरु सवै लोकतान्त्रिक रहेको कहाँछ र ? गणतान्त्रिक भएर मात्र पुग्दैन त्यो लोकतान्त्रिक हुन जरुरी हुन्छ, त्यसकारण पनि लोकतान्त्रिक गणतन्त्र भनीएको हो । शब्दहरुको प्रयोग अमूर्त अर्थमा यसरी भैरहेछन कि तिनको चरित्रगत संरचनाहरु पनी अमूर्त नै रहने गरेको छ । राज्य व्यावस्थाको मालिक जनता, जनतानै राज्यसत्ताको स्रोत भनिदिने अनी जनता चाँही आ आफ्नो शार्वभौम हक र अधिकारको बारेमा केहि पनि थाहा नदिइ राख्ने शामन्ति सोचको विसङ्गति तोडन भावी नेपालको लोकतान्त्रिक राज्य व्यवस्था निर्माणको ध्येय कसरी हाशिल हुन्छ भन्ने प्रश्न आज अत्यन्त टडकारो रुपमा खट्केको अवस्था छ । त्यसकारण नेपालमात जनताको नै नया परिभाषा चाहिने भएको छ । वास्तवमा भन्ने हो भने जनता समुहवाचक संज्ञा हो । तर कुन भू–क्षेत्रको, जातिको, भाषाको, लिँगको, धर्मावलम्बीको भनेर सोध्यो भने विशेषणको थप प्रयोग गर्नु जरुरत पर्दछ । र मात्र जनताको परिभाषा विशिष्टिकरण गरेर गर्न सकिन्छ । जस्तो भूक्षेत्रको नामङ्कन गर्न त्यो भूक्षेत्रको नाम कसरी, कहिले, किन  गरियो भन्ने जस्ता कुराहरु नामङ्कनका आधार तय गर्न विश्लेषण गर्नु पर्ने हुन्छ । उदाहरणको लागि पञ्चायतकालमा मेची, कोशी, गण्डकी, कणाली, महाकाली भनेर अञ्चलहरुको नामकरण गरियो । जलक्षेत्रको लागि उपयूक्त नाम भू–क्षेत्रलाई दिएर पञ्चायत कालमा राजा महेन्द्रले जलसम्पदाहरु माथिको स्नेह देखाउनुत भयो, तर ऐतिहासिक भू–क्षेत्रहरुमा बसोबास गर्ने नेपालका आदिवासी जनजातिहरुलाई पूर्ण रुपमा अवमूल्यन गरेर । बरु सवे नेपाली पञ्च, सवै पञ्च नेपालीको संज्ञा दिएर मानवीय संस्कृति, सभ्यता, गौरबता र ऐतिहासिकताको चिर हरण गरे जुन स्थायी बन्न सकेन । उदाहरणका लागि लिम्बू जातिहरु ऐतिहासिक काल देखि बस्दै आएको, उनीहरुको सघन बसोबास अहिले पनि भएको भूभाग सैयौं वर्ष देखि लिम्बूवान भनिन्थ्यो । उनीहरुको इतिहास, पूर्खाले आवाद गरेको भूक्षेत्रको नाम लिम्बूवान राख्दा लिम्बूहरुले आफू गौरान्वीत हुन्थे । संस्कृति, इतिहाँस, भाषा, र जातिको साझा शब्द लिम्बूवान विशेषण जनता अघि थप्यो भने लिम्बूवानका जनता भनेर उसको सार्वभौम हक, अधिकार सहितको गणतान्त्रिक नेपालको सोच उजागर हुन्छ । यो व्यावहारत प्रयोग हुँदै आएका स्विकृत प्रचलनहरु पनि हुन । तर दुःखद कुरो त यसमा छ कि त्यसो भयो भने देश टुक्रिन्छ, र जातीय दँगा फसाद हुन्छ भन्ने सोचहरु आज लोकतन्त्रको संघारमा आलोचित बन्दै आएकोछ, जुन हिजो राजा महेन्द्रले पनि पंचायति निरँकुशताको दमनबाट कुल्चेको जनताको नासोहरु थिए । त्यो जनतालाईनै फिर्ता गर्ने सोचको विरुद्ध लोकतान्त्रिक सक्तिहरु जानु जनतालाई सार्वभौम बनाउने सोच हुन सक्ला वा नसक्ला ।? अर्थात गणतान्त्रिक नेपालका जनताहरुको परिभाषा नेपालका जनताहरु भनेर विदेशमा चिनाउन उपयूक्त होला, तर स्वदेशमा उनीहरु पहिचान विहिन केवल जनतामात्र भन्न उपयूक्त हुन्न । वा महेन्द्रले भूक्षेत्रको नाम नदिई जलक्षेत्रको नाम दिएझैं मेची, कोशीको नाम राजावादी भयो अव कन्काईका जनता, टुकुचेका जनता भनेर नामकरण गर्ने र लोकतान्त्रिक गणतन्त्रको दुहाइ दिने हो विचारणीय कुरो रहेको छ ।

## ४.३ जातीय स्वशासन सहितका सङ्घीय लोकतान्त्रिक  गणतन्त्र

निश्चयनै नेपालको भावी राज्यव्यवस्थाको उपयूक्त संरचनाले मात्र विद्यमान सवै विसङ्गतिहरु सम्बोधन गर्ने हो । त्यो संरचना अन्तत सङ्घीय राज्य प्रणालीले मात्र गर्न सक्दछ भन्ने सोचको विकास हुन थालेकोछ । सम्बत २०६३, कार्तिक २२को आठदलको समझदारि पत्रले सङ्घीय राज्य प्रणाली अमूर्त रुपमा उल्लेख गर्न खोजेता पनि त्यसको आँसिक मूर्तता “मधेशको आन्दोलन” मा दर्जनौंले आफ्नो जीवन लिला समाप्त नगरी सम्भव भएन । प्रधानमन्त्रिको पछिल्लो सम्बोधनमा राज्य सङ्घीय राज्य प्रणालीमा जान अन्तरिम सम्विधानमा संशोधन गर्ने उल्लेख भएता पनि सम्विधानसभा अगावै त्यसबारेमा स्पष्ट मार्ग राज्यले लिन नसकेको अवस्था छ । यस विषयमा मिश्रीत रायहरु पाइन्छ । तर अन्तरिम संविधानमानै मुलुक अव सङ्घीय राज्य प्रणालीमा जाने निर्णय भैसकेको सन्दर्भमा भावी संविधानसभाको गठन विधिमानै यो कुराको उचित व्यवस्था भएन भने संविधानसभाबाट हुने निर्णय एकात्मक, र केन्द्रीकृत संरचनाकै बन्न सक्दैन भनेर कसरी विश्वास गर्ने ? जसरी गणतन्त्रको विषयमा संविधानसभा अगावै निर्णय गर्नुपर्ने व्यापक जनदवाव आठ दलका नेताहरुलाई परिरहेछ, त्यसरीनै सङ्घीय राज्य प्रणालीको पनि संविधानसभा अगावै  अन्तरिम विधान संसोधन गरेर व्यवस्था गरिसके पछि तदअनुरुपमा संविधानसभाको गठन (सङ्घीय राज्यको सम्भावित क्षेत्रहरुको प्रतिनिधित्व गर्न निर्वाचन क्षेत्रहरु निर्धारण) प्रक्रिया

आरम्भ गरिनु पर्दछ । संविधानसभाका सभासदहरुले एकात्मक राज्य व्यवस्थाको २०५ निर्वाचन क्षेत्रको प्रतिनिधित्व गरेर, उहि मनोविज्ञान बोकेर कसरी सङ्घीय राज्य प्रणालीको संरचना ल्याउँदछन यो बुझ्न कठिन भएको छ । त्यसकारण सङ्घीयबादी र एकात्मक केन्द्रीकृत राज्यसत्ताबादीहरु बीच विचारको घमासान यूद्ध हुन बाँकिनै छ । राज्य सङ्घीय प्रणालीमा गएको संविधानत स्विकार गरिसके पछि पनि तदअनुरुपको राज्यको प्रतिनिधित्व संविधानसभामा नगरी कसरी संविधानसभा हुन्छ, बुझ्नै नसकीने जटिलता यहाँ उत्पन्न भएकोछ । निश्चयनै यो जटिलतासंग गाँसिएको मुद्धा भनेको सङ्घीय राज्यहरु कसरी कुन आधारमा तय गरिनेछ भन्ने विषय एउटा प्रमूख सवाल हो ।

राज्य प्राकृत भूभाग वा भूगोल होइन । राज्य भनेको मानिसहरु जो भूगोलमा बस्तछन उनीहरुको रीति थीति, संस्कार र संस्कृति, भाषा, चाहाना र भावना समृद्ध बनाउने व्यवस्था हो । त्यो मानवीय मूल्य, मान्यता संस्कृति र सभ्यता विहिन र विमूख नभै मानवीय समृद्धीका लागि बुद्धि र विवेकले सञ्चालन गर्ने परिपाटीनै हो । हिजो एकल जातीय वाहुल्यता राज्यमा थियो भनेर, अब बन्ने राज्य मानवीय भाषा, संस्कृति, सामाजिक मूल्य र मान्यता निरपेक्ष बन्नु पर्दछ भन्ने होइन । बहुजातीय नेपाली समाजको यथार्तता राज्यको कुनैन कुनै अंगमा प्रतिविम्वित हुनु पर्दछ भन्ने हो । त्यसरी मात्र राज्यसत्ता पनि बहुजातीय बन्न सक्छ । राज्यव्यवस्थाले बहुलतालाई सम्बोधन गर्न नसकेकोले हामी एकल जातीय राज्यको स्वरुपमा हामी जानुपरेको भनेर एकातिर तर्क गरियो, भने आज आएर एकल जातीय नेतृत्व गर्ने विशेषत राजतन्त्र पूर्णरुपमा विफल भयो, अव बहुजातीय संरचना हर कुनै राज्यको अंगमा प्रतिनिधित्व हुनु पर्दछ, किनकी नेपाली समाज बहुजातीय र अत्यन्त मिश्रित स्वरुपको छ भनेर तर्क गर्ने गरेको पाइन्छ । मुलुकको कुनै पनि क्षेत्रमा कुनै एक जातिको धनीभूत सघनतालाई स्विकार नगर्ने धारको विकास भएकोछ । अर्थात उनीहरुको भनाई के पनि रहेकोछ भने मुलुकमा विद्यमान १०० जाति र ९२ थरी भाषाकोनै संघीय राज्यहरु बनाउनु पर्ने भएको हुनाले जाति र भाषाको आधारमा संघहरु बन्न हुँदैन । नेपाल राज्य बहुजातीय बन्ने आधारशीला भनेकोनै पहिलो पृथक पृथक जातिको सघन बसोबास भएको क्षेत्रमा जातीय स्वशासन सहितको सङ्घीय प्रान्त वा राज्यको ग्यारेण्टी गर्नु, तर त्यो निरपेक्ष एकल जातीय स्वरुपको बन्नु पर्दछ, बन्छ भन्ने होइन । निश्चयनै बहुजातीय र बहुभाषिक हो त्यो । तर संघ चाहिँ एकल जातीय बनाउनुको औचित्य, बहु जातिहरु मध्ये पनि त्यो जातिको ऐतिहासिक पृष्ठभूमि, भाषिक सघनता, जनसाँख्यिक वाहुल्यता, तथा भौगोलिक अनुकुलताले पुष्टि गर्दछ भने त्यसलाई महत्व दिनु पर्दछ । विभिन्न ऐतिहासिक काल र कारणले बसाइसरी आएका र हालमा त्यो क्षेत्रमा स्थायी रुपमा बसोबास गर्ने गैर जातीय स्वशासित जातिकाले त्यो जातीय स्वशासित राज्य बन्ने प्रक्रिया प्रति सकारात्मक बन्न सक्नु पर्दछ भने अन्य जातिहरु जो त्यहाँ आदिवासीका रुपमा बसोबास गर्दछन उनीहरुले स्वशासित राज्य भित्र स्वशासनको दाबी गर्न सक्नु पर्दछ । स्वशासन भित्र स्वशासन दाबी गर्न नसक्ने जातिहरुले आवधिक आरक्षणको माध्यमबाट राज्यमा उनीहरुको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न पहल गर्नु पर्दछ ।

संघीय राज्य प्रणाली एउटा सिङ्गो राज्य विभक्त भएर बनाउने होइन भिन्न भिन्न संघहरु एउटा सशक्त राज्य बनाउन आसक्त भएर बन्ने हो । निश्चयनै नेपालले सम्पूर्णता प्राप्त गर्न विविध जाति, भाषी र क्षेत्रका जनताले एउटा सशक्त राज्य बनाउने उद्देश्यले सह कार्य गर्न सक्नु पर्दछ । नेपाल एउटा सक्षम राष्ट्रिय राज्य बन्न सकेन । बन्नेक्रममा छ । त्यसको लागि विभिन्न सघन र सक्तिशाली जातिहरु (राज्य बन्न आवश्यक हुने शक्तिहरु) देखि स साना जातिहरु आसक्त भएर सिँगो नेपालको पुनरगठनको संघारमा आइपुगेकोछ।

जातिय आधारमा संघात्मक राज्य संरचनाको पक्षमा गोविन्द न्यौपाने, कृष्ण भट्टचन, महेन्द्र लावतीका रहेकाछन । गोविन्द न्यौपाने नेपालमा विद्यमान जातिय समस्याको समाधान असामान्य ढंगको रहेको धारणा राख्दै भन्दछन समस्या समाधानको मुख्य चुरो नै '***सत्ता साझेदारी***' हो । यसका लागि उनले नेपाललाई प्रदेशहरुमा विभाजन गर्ने र जातीय स्वायत्तताको आधारमा संघात्मक व्यवस्था स्थापना गर्नु उपयुक्त हुने बताएका छन् । उनको भनाइछः

> *"जातीय समानता, सामाजिक न्याय र समान विकास अवसरका लागि मात्र होइन नेपालको भावी सम्वृद्धि र समुन्नतिका लागि पनि नेपाललाई प्रदेशहरुमा विभाजित गर्नु र जातीय स्वायत्तताका आधारमा संघात्मक व्यवस्थाको स्थापना गर्नु आवश्यक र उपयुक्त हुन्छ । यसले जन आकांक्षालाई व्यावहारिक रुपमा अभिव्यक्ति दिनेछ, व्यवस्थापनलाई सरल तथा पारदर्शी बनाउन मद्दत गर्नेछ र जातीय साझेदारीलाई बढाउने छ" ( न्यौपाने, २०००) ।*

संघीय राज्य प्रणाली र जातीय स्वयत्तताका पक्षधर डा. कृष्ण भट्टचन नेपाल संघीय राज्य प्रणालीमा जानको प्रमूख आधार भनेको भौगोलिक आकार र प्रकार भन्दा पनि जातीय विविधता र विशिष्टताको करकापलाई नजर अन्दाज गर्न नमिल्ने धारणा राख्नु हुन्छ । उनको भनाइछः

*"नेपाल भौगोलिक दृष्टिकोणले सानो भएता पनि सामाजिक सांस्कृतिक विविधताले ठूलो छ । यस आधारमा पनि नेपालमा संघीय शासन सम्भव हुन्छ । स्वायत्त राष्ट्र (जाति) र क्षेत्र संघीय शासनको मेरुदण्ड हुन् । यसता क्षेत्रहरुको आफ्नै संविधान, व्यवस्थापीका, कार्यपालिका र न्यायपालिकाको साथै तिनलाई कार्यान्वियन गर्ने आफ्नै कानुन र संघीय कानुन समेत हुनु पर्छ।"* भन्ने मान्यता राख्दछ । ( भट्टचन, 2003)।

नेपाललाई आवश्यक भएको संघीय प्रणालीको आवश्यकता र औचित्यताको विषयमा एउटा व्यक्ति, समुह, र समाजको भूमिका र महत्वको विाषयमा प्रकाश पार्दै महेन्द्र लावतीको तर्कछः

*एउटा व्यक्तिले, यदि उसँग स्वशासनको अधिकार छ भने मात्र उसलाई प्रभाव पार्ने विषयहरुमा निर्णय गर्न सक्छ । यसरी, व्यक्तिको असल र राम्रो गुणहरुका लागि वैयक्तिक स्वशासनको अधिकार महत्वपूर्ण हुन्छ । यो तर्क सामाजिक-साँस्कृतिक समूहहरुले समेत प्रयोग गर्छन । यदि समूहहरुसँग विभिन्न मूल्यहरु जीवनशैली, परम्परा र विश्व विचार छन् भने ती समूहहरु नै उनीहरुका आफ्नै बस्तु र चाहनाहरुका सवैभन्दा उत्कृष्ट मूल्यांकन कर्ता हुन्। यसरी बहुसाँस्कृतिक समाजहरुमा समूहहरुको खुशीको लागि समूह स्वशासनको अधिकार महत्वपूर्ण हुन्छ । स्वशासनको अधिकार विना समूहहरु बृद्धि र विकास हुन पाउँदैनन् । स्वशासनले प्रत्येक समूहहरुको विकासलाई सहयोग गर्दै विभिन्न समूहहरु माझ समानतालाई सहज बनाउँछ* ( लावती, २००७)।

जातीय विविधता भएको मुलुक नेपालको भविश्य निर्माण गर्ने सक्तीको प्रारम्भिक इकाइ व्यक्ति र उसका चरित्रहरुमा भर गर्नु पर्ने रहेछ । तर उ र उसका चरित्रहरु अन्तत उहि सांस्कृतिक, भाषिक, र भौगोलिक अनुकुलताले निर्धारण हुन्छ । त्यो अनुकुलतालाई टुटाएर न व्यक्तिको विकास सम्भव हुन्छ, न राष्ट्रको । यतिखेर संघीय सासन प्रणाली र जातीय स्वशासनको कुरा गरिरहँदा कसैको नीजि र निहित स्वार्थहरुको कुरा भन्दा पनि हर कुनै व्यक्ति राष्ट्र निर्माणको लागि अनुकुल वातावरणको पूर्ति र जिम्मेदारिताको वहन कसरी गर्न सक्छ भन्ने विषयमा लावतीका विचारहरु सान्दार्भिक छन । लावति, लाईफार्ट(१९९९)को भनाइ उधृत गर्दै भन्दछन कि बहुसाँस्कृतिक समाजहरुमा सामाजिक साँस्कृतिक समूहहरुका लागि संघीय प्रणाली लाई प्रायः गरी स्वशासनको अधिकार उपलब्ध गराउनको लागि माध्यमको रुपमा प्रयोग गरिन्छ । अर्का समाज विज्ञानका वेत्ता अल्फ्रेड स्टेपन (२००१) को भनाइ उधृत गर्दै लावति लेख्दछन बहुसाँस्कृतिक समाजहरुलाई लोकतान्त्रिकीकरण गर्नको लागि संघीय प्रणाली धेरै विश्वसनी छ र भू-भागीय रुपले बहुभाषिक र बहुराष्ट्रिय राज्यशासन विधि संघीय लोकतान्त्रिक राज्य स्थायी चरित्रको छ ।

लोकतन्त्रमा हरेक व्यक्तिको स्वतन्त्रता, योग्यता, र क्षेमताको समानरुपमा कदर गर्ने मात्र नभै उसको विश्व दृष्टिकोण, बुझाई, मूल्य र मान्यताहरुसंग भानात्मक सम्बन्ध मुलुकको कुनै न कुनै भूभागले हासिल गर्न सक्नु पर्दछ र मात्र समग्र विकासको सम्भावनाको ढोका उघ्रिन्छ । आज विकास आयातित र प्रायोजितछ । प्राकृतिक र मर्यादित बन्न सकिरहेकोछैन । किनकी विकास भौत्तिक मात्र बन्न सकिरहकोछ, सांस्कृतिक र सामाजिक बन्न सकिरहेकोछैन । जातिय स्वशासनमा आधारित विकास निर्माणमा आउने विविधिकरणले मात्र विविधतायूक्त नेपाली समाजले तुलनात्मक लाभ हाशिल गर्न सक्दछ ।

## ४.४ जातिगत तथा भाषिक आधारहरु

जातिगत तथा भाषिक तथ्याङ्कहरुले विभिन्न केन्द्र विन्दूहरुमा सम्बन्धित जाति तथा भाषा को घनीभूत उपस्थित रहेको देखाउँदछ । जाति र भाषा पृथक पक्षहरु नभै एक अर्काका पुरकहरु हुन । भाषा विनाको जातिको भिन्न पहिचान गर्न मुस्किल हुन्छ । जस्तै थारु, गुरुङ्ग, थकाली, तामाङ्ग, मगर, खस, लिम्बू, भोटे, नेवार आदि विभिन्न जातिहरु एक अर्को भन्दा भिन्न हो भन्नका लागि भाषिक रुपमा पनि पुष्टि हुन सक्नु पर्दछ कि उनीहरु भिन्न भाषा बोल्दारहेछन । अर्कोतिर विभिन्न जातिहरु एकै भाषा बोल्ने वा एकै जाति विभिन्न भाषाहरु बोल्ने अवस्था पनि नेपालमा देख्न सकिन्छ । जस्तै मैथली भाषा तराइका विभिन्न ४० भन्दा अधिक जात/जातिहरुले बोल्ने गर्दछन, र झण्डै त्यही अवस्था भोजपुरी र अवधी भाषा पनिछ । संख्यामा धेर थोर मात्र हो । त्यसरीनै खम्बू जातिका विभिन्न उपजातिहरुले वेग्ला वेग्लै भाषाहरु बोल्दछन । जातिगत रुपमा खम्बू (राई) जाति एउटै भए पनि उनीहरु २७ भन्दा धेरै भाषाहरु भिन्न भिन्न रुपमा बोल्दछन । यो विविधता र विशिष्टता नेपाली समाजको वहुलतालाई चिन्हाउने चरित्रगत पक्ष हो । यहि विविधतालाई सामाजिक विकासको अवरोध र जटिलताका रुपमा लिने गरिएकोछ, तर यसको सुगमताको विषयमा कुनै वहस पैरवी र सुन्ने वा सुनाउने संस्कृति पञ्चायतको ३० वर्षे शासन कालमा निषेधनै गरिएको थियो । नेपाल विगत २३८ वर्षको लामो एकात्मक राज्य व्यवस्थाको आफ्नो समयमा समावेशी बन्न नसक्नु एकल जातीय हैकमको संगसंगै असमावेशी कार्यशैली र वहुलता प्रतिको नकारात्मक सोच एउटा प्रमूख कारण थियो । परिणामत असन्तुष्टी, असमानता, र सिमान्तकृत समाजिक–आर्थिक सुचाँकहरुको परिणाम हात लाग्यो । आज वृहतरुपमा उच्चारण गर्ने गरिएको समानताका आवाजहरु, समावेशी नाराहरु विकास कार्यक्रमहरुमा अनुवाद हुन नसक्नुको कारणनै वहुजातीय, बहुभाषिक नेपाली समाजमा एकात्मक राज्य शैली र सोच लादिनु हो । नेपाल लोकतान्त्रिक गणतन्त्र बन्न सक्छ, तर त्यो संघात्मकनै किन, प्रान्तीय भए हुन्न भन्ने पूर्वाग्रही सोचहरुको खेती नभएको होइन । निश्चयनै प्रान्तिय भए पुग्दथ्यो यदी एकल जातीय, भाषिक नेपाली समाज भइ दिएको भए । आखिर राज्यको जुनसुकै निकायमा जनताको सार्वभौम हैसियत स्थापित नभै न जनताले राज्यको अपनत्व हाशील गर्न सक्दछ, न राज्य प्रति लगानी गर्न र उत्सर्ग गर्न जनताहरु तयार हुन्छन । बरु राज्यबाट निसृत्त हुने सेवा, सुविधा, संरक्षण र अवसर बाट उनीहरु पूर्णरुपले वञ्चित हुन्छ । सिमान्तकृत हुन्छन र विस्तारै असन्तुष्टीको विजारोपण हुन्छ र क्रमैसंगले पुन द्वन्द्वको विजारोपण हुन्छ । त्यसकारण बहुजातीय राज्य व्यवस्था र राज्य सत्ताको प्रत्याभूति आधारभूतरुपमा निश्चित नभै हुन्न । मुलुकको एउटा स्थान जहाँ सघन र धनीभूतरुपमानै कूनै एउटा जातिको उपस्थितिछ, र उ विगत २३८ वर्ष देखिनै सिमान्तकृत भएर उत्पिडनमा परेर आएकोछ भने उसको सार्वभौम अधिकार राज्य सत्तामा सिधै कायम गर्न उसको स्वशासनको सम्यन्त्र निमार्ण विना सम्भव हुन्न । हिजो पुरै नेपाललाई शासन गर्ने एकात्मक सोचबाट अव मूक्त हुने हो भने प्रथमत एउटा संघ भित्र स्वशासन ग्यारेण्टी गरेर समग्र राष्ट्रमा कसरी प्रतिनिधित्व गर्ने प्रश्न हल हुनु पर्दछ । र त्यसो गर्दा हर जातिको शासकीय संयन्त्रमा  पहुँच स्थापित गर्नु पर्दछ । अरुको पनि अवस्था, स्थान, चाहाना र आवश्यकता अनुरुप राज्यसत्तामा पहुँच कसरी हासील गर्न सकिन्छ भन्ने उपयूक्त संरचनाको तर्जुमा गर्न सक्नु पर्दछ ।

वर्तमान राजनीतिको सवैभन्दा चुनौतिपूर्ण दायित्वनै यो हो कि जातिगत आधारमा राज्यको पुनरसंरचना कसरी गर्न सकिन्छ । राष्ट्रिय राज्यको राजनीतिक सङ्घीय राज्यहरु (Sub-Nations) जातिका आधारमा गरिनु पर्दछ भन्ने परिकल्पना धेरै पहिल्यै भएको भएता पनि नेकपा माओवादी यो खाकामा आफनो जग हालेर उभिएको राजनीतिक दल हो । यद्यपि यो संविधानसभाको सम्झौताको विन्दुमा स्थगित भएकोछ । आशा गरौं योनै नेपालको पुरानो राज्यको आमुल परिवर्तनको संरचना नेकपा माओवादीको लागि हुनेछ भन्ने कुरोमा । तर यी राज्यहरु वा प्रान्तहरु बन्नु पर्दा अन्य जातिहरु पनि बसोबास गरेका क्षेत्रहरु हुन र उनीहरुको अश्तित्व यहाँनिर पूर्णरुपमा इन्कार गरिएको वा गरिन्छ भन्ने आशयका भ्रमपूर्ण विचारहरु आजकल छापामा आउने गरेको पाइन्छ । वास्तवमा जातिहरु (साना वा ठुला) सवैको स्वशासनको ग्यारेन्टी विनाको सङ्घीय राज्य उही एकात्मक राज्यको प्रान्तीय वा क्षेत्रीय भन्दा फरक नहुने कुरोमा दुइमत छैन । कालान्तरमा आन्तरिक बसाइसराइको कारण अन्तरजातीय समिश्रण  हुँदा हुँदै पनि खास खास क्षेत्रहरुमा खास खास जातिहरु र भाषाहरुको घनीभूत सघनता छ । आज जाति (Ethnicity) र नश्ल (Race) वीच एकै अर्थमा प्रयोग गरेको पाइन्छ, जुन गलत बुझाइ छ । उदाहरणको लागि कुनै मङ्गोलियन वा ककोसोइड भौत्तिक अनुहार वा स्वरुपको मानव समुदाय जातिगतरुपमा एउटै देख्ने चस्मदोष पनि हुन सक्छ यस्तो सोच आउन । तर सहअश्तित्वको आधारमा सवै भाषी र जातिहरुलाई विना भेदभाव समान संरक्षण र विकासको प्रत्याभूति दिन नश्लीय (Racial), जुन भौत्तिक नृवंशीय (Physical Anthropological Measurement)मापनबाट मात्र भेद गर्न सकिन्छ, त्यसका आधारमा राज्यको संरचनागत भिन्नता तर्जुमागर्न संसारमानै अपनाइन्न । भाषा, संस्कृतिक र ऐतिहासिक वासस्थल भएका वा मौलिक पहिचान भएका जाति (Ethnicity) का आधारमा राज्य बन्नु पर्ने हुन्छ जसका कारण उसले विगत सदियौं देखि गुमाएको राजकीय पहिचान पुनरजागृत गर्न सकोस । उनको सामाजिक, सांस्कृतिक वा भाषिक भरण पोषण समान रुपमा हुन सकोस । आज भिन्न जाति वा भाषाको आधारमा सङ्घीय राज्यका इकाइहरु बन्नु पर्दछ भन्दा आपत्ती गर्नेहरुको कमी छैन, तर विश्वमानै यदि सङ्घीय राज्य चाहिन्छ, प्रान्तहरु बनाउनु पर्नेछ भने त्यो वर्गिय, लिँगिय, पेशागत, नश्लीय, उमेरगत हिसावले बन्ने गरेको पाइन्न । धर्म, जाति, भाषाका आधारमा विद्यमान सामाजिक यथार्ततालाई आत्मसात गर्दै राज्य हरु बन्ने गरेको छ । नेपालको सन्दर्भमाः बहुजातीय, बहुभाषिक, तथा क्षेत्रीय

विविधता लाई आधार मान्न सकिन्छ, तर धर्म संस्कृति, संस्कार, नश्लका र भौगोलिक (Ecological) आधारमा सङ्घीय राज्यहरु बन्दा मानवीय जातिको जातिगत गौरवता, भाषिक सुगमता, र सांस्कृतिक विविधतालाई संरक्षण र सम्वर्दन गर्न सकिन्न । नेपालमा सवैभन्दा सुपाच्य र सहज आधारनै जाति हो । त्यसपछि भाषा हो । र क्षेत्र हो । नेपालको बहुसांस्कृतिक बहुलताको यथार्ततामा यहिनै उपयूक्त आधार हो । अरु भौगोलिक वा क्षेत्रीय उपायहरुले यहि मापनमा र मात्रामा उपलब्धीहरु दिन सक्दैन ।

जाति र भाषिकरुपमा स्वशासनको आधारभूत सिद्धान्त सङ्घीय इकाइहरु बन्दा उसको भाषिक सघनताको आधारमा राज्य भाषा निरुपण गरिने हो । जातिको सम्बन्धित भाषा पहिलो भाषा र थप अर्को एउटा दोस्रो भाषा गरेर राज्य द्विभाषिक बन्नु पर्ने हुन्छ । यसो गर्दा कुनै पनि नेपाली नागरिकले जुनसुकै राज्यमा बसोबास गरेता पनि उ द्विभाषिक हुनु पर्ने हुन्छ । राज्य सघन र बाहुल्य जनसंख्या भएको ऐतिहासिक आदिवासी जातिको बसोबासका आधारमा त्यो जातिको गौरबशाली इतिहाँस र संस्कृतिका आधारमा बन्छ । यो सम्बन्ध हरजातिले हर क्षेत्रमा अनुभूत गर्न सक्ने गरी बन्नु पर्दछ, तर त्यसका लागि ऐतिहासिक, भाषिक, सांस्कृतिक र जनसाँख्यिक सघनता जस्ता आधारभूत मापनहरु पुरा गर्नु पर्दछ । त्यस्तो अवस्थामा नेपालको मध्य पहाडी धरातलमा बन्ने राज्यहरुमा पहिलो भाषा जुन जातिको स्वशासन हुन्छ त्यसैको हन सक्छ भने दोस्रो भाषा नेपाली खस भाषा हुन सक्ने प्रवल सम्भावना रहन्छ। त्यस्तो अवस्थामा लिम्बू, खम्बू (राइ समुहका जातिहरु), तामाङ्ग, गुरुङ्ग, मगर, खसान, नेवार, सङ्घीय राज्यहरुमा नेपाली दोस्रो भाषाका रुपमा सम्बन्धित जातिहरुले स्विकार्नु पर्ने वास्तविकतालाई नविर्सने हो भने मध्ये पहाडी धरातलमा  गैर–जातीय (Non-ethnic) तर नेपाली भाषिक (Nepali lingual) क्षेत्र बन्नेछ जुन पहाडे बाहुन, क्षेत्री, ठकुरी, सन्यासी, र दलितको लागिमात्र सुगम नभै अन्य गैर–जातीय स्वशासित जातिहरुलाई पनि सुगम हुन्छ । यसरी हेर्दा स्वशासित राज्यहरु जातीय बने पनि बस्तुगतरुपमा जातीय भाषिक राज्यहरु बन्न जाने निश्चित छ ।

जातीय हिसावले कुनै पनि राज्यमा कुनै पनि जातिको नेपाली नागरिकले स्वतन्त्र बस्न, व्यवशाय सञ्चालन गर्न, स्वतन्त्र विचार सम्प्रेषण गर्न पाउने उसको नैसर्गिक अधिकारको प्रत्याभूत हुनु पर्दछ । तर सवका सब जातिको भाषा, संस्कृति वा आवश्यकता र चाहाना पूर्ति गर्न भने कुनै पनि राज्यले सक्दैन । उदाहरणका लागि एउटा राज्यमा सय थरी नेपालीको कुनै न कुनै व्यक्ति वा समुह वस्न पाउँछ, तर ९२ थरी भाषा राज्यले औपचारिक रुपमा एकै साथ प्रयोग गर्न सक्दैन । अनौपचारिक रुपमा आ आफ्ना भाषा र संस्कृतिको उपभोग र उपयोग गर्न पनि पाउनु पर्दछ, तर राज्यले विकास गर्ने, संरक्षण र सम्वर्दन गर्ने भन्ने जहाँसम्म सवालछ, त्यो उसले व्यावहारिक र व्यवस्थित रुपमा पनि गर्न पाउनु पर्दछ । जस्तो लिम्बू जातिको भाषा र संस्कृतिको, लिम्बू जातिका व्यक्ति वा समुहको हक अधिकार लिम्बूवान राज्यमा विकास गर्न राज्यले सक्दछ । संग संगै लाप्चा जातिको ऐतिहासिक भूमि र हालमा जसरी जस्तो अवस्थामा जतिनै संख्यामा बसोबास गरेको अवस्था किन नहोस, त्यहाँ उसको स्वशासनको प्रत्याभूत गर्न सक्छ । तर गुरुङ्ग जातिको सघन बसोबास वा ऐतिहासिक वासस्थल लमजुङ्ग जिल्लामा लिम्बू जाति पुगेकाछन भनेर लिम्बू भाषाले मान्यता माग्न वा दिन मिल्छ कि मिल्दैन । निश्चित रुपमा अनौपचारिक तथा औपचारिक रुपमा पनि प्राथमिक विद्यालयमा वा सांस्कृतिक समारोह र गतिविधिहरुमा उसले भाषिक स्वतन्त्रता चाह्यो पाउन सक्छ, तर कुनै पनि जातिको मानिस जहाँ जहाँ जान्छ, त्यहीँ त्यही राज्य पच्छ्याउँदै उसको समूल संस्कृति र सुविधा उपलब्ध गराउन राज्य वाध्य बन्न सक्दैन ।  त्यसकारण जुन जातिको जहाँ विकास सम्भव हुन्छ, त्यहाँ गरिने विकास र संरक्षणको पक्षमा राज्यको पुनरसंरचना गरिनु पर्दछ । त्यसो गर्दा स्वाभाविकरुपमा नेपालको सङ्घीय राज्य प्रणाली जाति र भाषाको आधारमा हुन आउँछ ।

यसरी बन्ने राज्य प्रणालीमा प्रान्तले के गर्न पाउँछ र केन्द्रले के गर्न पाउँछ भन्ने विषयमा पनि अव वहस थाल्नु समायोचित छ । वास्तवमा केन्द्रसंग समग्र मुलुकको साझा विषयमात्र रहनु पर्दछ । खसान क्षेत्र देखि लिम्बूवान सम्म साझा बन्ने विषयहरुमात्र केन्द्रसंग रहनु पर्दछ । त्यसैलाई छुट्टिएर जानपाउने हकको विषय बाहेक अरु सवै सङ्घीय स्वायत्त निकायले पाउनु पर्दछ । आत्मनिर्णयको अधिकार अन्तरगत छुट्टिन पाउने सम्मको अधिकार हुनु पर्दछ भन्ने प्रश्नहरु वहसमा छन । छुट्टीन समेतको अधिकार जातिले पाउनु पर्दछ भन्ने भनाइ विशेषत साम्यवादी विचारधाराका दलअरुले आफू लेनिवादी भएको हुनाले लेलिनले तात्कालिक फिनल्याण्डलाई दिएको हकको चर्चा गरेर आफू बढी स्वशासनवादी भएको देखाउन व्याख्या गरेको हो । त्यसको वस्तुगत स्वरुप माओवादीले अहिले देखाएको कार्यनीतिले अन्तराष्ट्रबादले पुष्टि गरिसक्यो । बास्तवमा आत्मनिर्णयको अधिकार भनेकोनै जातीय स्वशासनको प्रत्याभूति सङ्घीय राज्य प्रणाली अपनाएर गर्ने अधिकतम लक्ष्य लिनु नेपालको लागि उपयूक्त हुन्छ । किनकी नेपालमा उत्पिडक जाति एक ठाउँमा बसेर वरीपरिकालाई उत्पिडन गरिरहेको नभै विभिन्न स्थान विशेष सघन रुपमा उपस्थित भएर बसेका जनजातिहरु, दलितहरु, महिलाहरु उत्पिडित भएका हुन । एकात्मक केन्द्रीकृत राज्य संयन्त्रको दुरुपयोग गरेर अत्यन्त अल्पसंख्यामा उपस्थित जातिले विभिन्न ऐतिहासिक, राजनीतिक, भाषिक, आर्थिक तथा सामाजिक र सांस्कृतिक कारणहरुको पृष्ठभूमिमा उत्पिडन गरिरहेछ । एक उत्पिडित जाति अर्को उत्पिडितसंग सिमावर्ती बनेर बसेकाले उ उत्पिडनबाट मूक्त हुन खोज्दा उत्पिडकबाट छुट्टिनु पर्ने नभै अर्को उत्पिडितबाट छुट्टिनु पर्ने दुखद परिस्थिति छ । त्यसकारण उत्पिडित जाति उत्पिडनबाट मूक्तिको खातिर छुट्टिनै पर्दा

उत्पिडितबाट छुट्टिनु पर्ने अवस्था नेपालको सन्दर्भमा दुखःद हुनेछ । सवै उत्पिडित जातिहरुले संयूक्त सामुहिक रुपमा आत्मनिर्णयको अधिकार अधिकतमरुपमा प्रयोग गर्न पाउनु पर्ने भनेकोनै जातीय स्वशासन सहितको अधिकार सङ्घीय राज्य प्रणालीबाट हासिल गर्नु र केन्द्र बनेकोनै संघहरुले बनाउने हो । त्यसकारण उसंग शासकीय हैसियत होइन संयोजनकारी दायित्व र कर्तव्य तय गरेर सङ्घीय राज्यहरुमा सक्तिको गैरकेन्द्रीकरण गर्नु पर्दछ । त्यसको लागि संघ स्तरमा आवश्यक हुने सवै अधिकार उसलाई स्वतन्त्ररुपमा उपभोग गर्न पाउने हकको ग्यारेण्टी हुनु पर्दछ । त्यसरी हेर्दा रक्षा, मुद्रा, र परराष्ट्र बाहेक बाँकी सबै प्रान्तहरुलाइै आवश्यक हुन्छ । यो विषय संघीय प्रणालीसंग सम्बन्धित भएका हुनाले यस विषयमा अरु थम बहस गर्नु आवश्यक छ ।

## ५. अवसर र चूनौतिहरु

५.१ अवसरहरु

क. बहुजातीय नेपाली समाजले आफ्नो वास्तविक स्वरुप राज्यमा मुखरित गर्ने ऐतिहासिक अवसर प्राप्त हुनेछ ।

ख. सरोकारका विषयमा ऐन कानुन, तर्जुमा गर्ने देखि आवधिक विकास नीति तथा कार्यन्वयन निर्माण गर्ने, तदअनुरुप कार्यन्वयन भयो भएन अनुगमन–मूल्यांकन गर्ने वातावरण सृजना हुनेछ, जसका कारण सामाजिक न्याय दिन र लिन उपयूक्त अवसर प्राप्त हुनेछ ।

- जातीय, भाषिक, सांस्कृतिक, भौगोलिक अवस्थाअनुरुप स्रोत र साधनको परिचालनमा विविधिकरण आउने, कार्यसिद्धि र लक्ष्य हाशील हुने ।
- कानुनको प्रभावकारी कार्यन्वयन गरेर अवाञ्छित गविविधिलाई नियन्त्रण गर्न नियमगन गर्न सहज हुनेछ,
- सामुहिक स्वामित्वको भावना निर्माण हुने– दायित्व र जिम्मेवारी विकास हुने,
- तुलनात्मक रुपमा हासिल हुने उपलब्धीहरुले राज्यहरु वीच स्वस्थ्य प्रतिष्पर्धा मात्र नभै नया नया अनुभव, ज्ञान र प्रविधिको पनि आदान प्रदान भै आधुनिक विकासको आकाँक्षा पुरा हुने र समग्र मुलुकको विकास द्रुत गतिमा बढने,
- राज्यको प्राथमिकताहरुमा विविधिकरण हुनगै, राज्यहरुको आ आफ्ना विकास निर्माणमा तदकरुकता आउने,
- राज्यको ध्यानपुग्नु पर्ने क्षेत्रहरुको सहि पहिचान हुनगै सही ठाउँमा सहि मानिसको व्यवस्था गर्न सकिने भएकोले गैह्र जिम्मेवारिपना कम हुने ।
- राज्यस्तरमा उत्पन्न समस्याहरुको निराकरण पनि त्यहीनै हुने हुंदा समस्याको समाधानमा सहजता र तदरुकता आउने ।

५.२ चूनौतिहरु

ग. एकात्मक बाट संघात्मक संरचनामा, एकल जातीय अधिनायकत्वबाट बहुजातीय राज्य व्यवस्था निमार्णको लागि आवश्यक हुने सोचको अभाव,

घ. केन्द्रीकृत र एकल जातीय राज्यव्यवस्थाको लिगेसीका कारण सङ्घीय राज्यहरु बन्नेक्रममा सैद्धान्तिक सोच र धारणाहरु बस्तुगत बन्न पर्याप्त बहसपैरवी भैनसकेको,

ङ. परनिर्भर संस्कृतिको कारण आफ्नै स्रोत र साधन माथि अदेखाको अवस्था विद्यमान रहेकोले आफ्नै संघमा स्रोत र साधनको समुचित पहिचान गरी आत्मनिर्भरता बन्ने संस्कृतिको अभावमा सङ्घीय शासनमा परनिर्भर मनोविज्ञानले संघको सोचलाई अवमूल्यन गर्न सक्ने,

च. सदीयौं देखि साधन र स्रोत माथिको एकपक्षीय नियन्त्रण भएका समुदायहरु त्यो गुम्न नदिन हर प्रकारका हतकण्डा अपनाउन सक्ने,

छं सङ्घीय राज्यहरुमा जातिगत विशिष्टता र विषमतालाई हल गर्न उपयूक्त ढांचा निर्माण गर्न नसकिएमा वैमनश्यता वा असन्तुष्टिहरु कायमै रहन सक्ने,,

ज. विदेशी दातृ राष्ट्रहरु, जो नेपालको विकास प्रति मात्रात्मक र गुणात्मक प्रभाव र नियन्त्रण राख्ने भएको हुनाले उनीहरुको नया नेपालसंगको अपेक्षा,

## ६. अन्तमा

मुलुक संविधानसभाको निकासको मार्गबाट सधैंका लागि राजनीतिक मुद्धा छिनो फानोको संघारमा उपयूक्त समयमा पुगेकोछ । राजनीतिक मुद्धा स्पष्टरुपमा नजरमा आउन नसक्नु नेपाली राजनीतिको एउटा दुर्भाग्यपूर्ण विसङ्गति यतिखेर पनि महशुस हुन्छ । नेपालमा दर्जनौंको संख्या साम्यवादी पार्टीहरु हुँदा हुँदै, सशस्त्र संर्घसको साझा रणनीति हुँदा हुँदै, उनीहरु राज्यसक्तिको रणनीतिक विन्दूमा पुग्न नसक्न, तर नेकपा माओवादी केबल १०

वर्षको अन्तरालमा नेपालमा नेपालीलाइ मात्र नभै संसारकै ध्यानआकर्षण गर्ने क्षेमताको सशस्त्र संघर्स सञ्चालन गर्न सामर्थ्य देखाउन काविल बन्यो । अन्य धेरै कारणहरु मध्ये उनीहरुको एउटा भिन्न कार्यनीति भनेको आत्मनिर्णयको अधिकार सहितको जातीय तथा क्षेत्रीय स्वायत्तता अन्य धेरै साम्यवादी राजनीतिक दलहरुको भन्दा भिन्नै थियो । तर त्यहि कार्यनीतिमा नेकपा माओवादीले अन्य सक्तीहरु जस्को कार्यनीति नेपालको जातीय क्षेत्रीय समस्यालाई साम्प्रदायिक तथा क्षेत्रीयतावादी विचार ठान्दछन उनीहरुसंग सम्झौता गर्नु पऱ्यो । अर्थात लामो समयसम्मको हिँशा, अशान्ति, र विद्रोहबाट उपयूक्त मार्ग लिन खोजिरहेको नेपालमा उर्जनशील मुद्धा जातीय तथा भाषिक अधिकारको मुद्धानै अवरुद्ध भएकोत होइन ? भन्ने आशँकाहरु आज उठेको अवस्थाछ । त्यसकारण नेपाल अब मूर्दा शान्तिको पक्षमा नभै जीउँदो शान्तिको मार्गमा जाँदा, योत नेकपा माओवादीको कार्यनीतिहो, माओवादीले पनी फालेको काम नलाग्ने पत्रु सोचहो, वा यो राष्ट्र विखण्डन र साम्प्रदायिक सदभाव विथोल्ने सोचहो भनेर विषय वस्तुलाई तत्कालको मूल्यमा महत्व राख्ने नभए पनि अशान्ति र विग्रहको सम्भावित खतराबाट आउँदा नया नेपाललाई पनि मूक्ती दिने हो भने सङ्घीय राज्य प्रणाली जाति तथा भाषाको आधारमा जानुनै वस्तुगत यथार्तता देखिन्छ ।

निरन्तर सामाजिक द्वन्द्व र यूद्ध पछि मुलुकको वैठानको सैत अझै जुरेको छैन । त्यतिमात्र होइन यात्रा कसरी टुङ्गिन्छ अझै वेखबर दलका नेता, कार्यकर्ता र आम नागरिक जमातमा एउटा अपेक्षाछ जिम्मेवार राजनीति दलका नेताहरुसंग । तर नेताहरु फेरी पनि गैर जिम्मेवारी पटक पटक देखाइरहेको अवस्थामा भरपर्दो भने अझै हुन सकेको देखिन्न । दुर्घटना नहोस भन्ने प्रार्थना सवैले गरिरहेछन, तर दुर्घटना मन्साउने जोखिम लिन तत्कालै कसैले सकिरहेका छैनन । यस्तो अवस्थामा हतारमा कतिपय काम गर्दा उपलब्धी अनपेक्षित पनि हुन सक्छ । नेपालीमा उखानछ ढिलै होस छोरै होस, भनेझैं संविधानसभाको गर्भाधान (Conception) दोस्रो जनआन्दोलन पश्चात भए पनि त्यसको विकास कसरी भैरहेछ वास्तवैले कसैलाई थाहा छैन । आजको आवश्यकता भनेको संविधानसभा अगावै राज्यलाई सङ्घीय संरचनाको आधारभूत खाका (Framework) तयार गरेर त्यसको प्रतिनिधित्व राष्ट्रिय संविधानसभामा गर्ने प्रक्रिया, मिति, र संविधानसभामा आर्थिक–सामाजिक हिसाबले कमजोर वर्ग, देखि सवै नेपालीको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले राजनीतिक सक्तिहरुले राष्ट्रिय अभियान अविलम्ब सञ्चालन गर्नु आवश्यकताछ । तर दुखद कुरो के भैरहेकोछ भने राष्ट्रिय आवश्यकता र अवसर एकातिर, राज्यलाईनै अंशवण्डा गरेर निहित दलगत स्वार्थ भित्र सिमित आठ राजनीतिक दलहरुको अभिष्ट अर्को तिर मुखरित हुनुले आम नेपाली सचेत समाजका अगिल्तिर थप चुनौति थपिएकोछ ।

## ७. सन्दर्भ सामग्रीहरुः


१. गुरुङ्ग, हर्क (२००६) नेपाल एटलास अफ एथनीक एण्ड लिङ्गवीष्टिक ग्रुप, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाण्डौ,

२. गुरुङ्ग, हर्क (२००६) जनजाति सेरोफेरी, आदिवासी/जनजाति महासंघ, सङ्घीय परिषद सचिवालय,

३ गुरुङ्ग, हर्क (२००१) नेपालको अर्थ–राजनीति, देश भक्त प्रजातान्त्रिक मञ्च,

४ गुरुङ्ग, हर्क (२००६) विषय विविध, हिमाल किताब

5. Bista, Dor Bahadur. (1991). Fatalism and Development. Orient Longman Limited.

6. Bista, Dor Bahadur. (2000 7th Edition). People of Nepal. Ratna Pustak Bhandar

7. Bhattachan, K.B. (2003), Expected Model and Process of Inclusive Democracy in Nepal, Social Science Baha, Kathmandu.

8. Dahal, Dilli R. (1995). Ethnic Couldron, Demography and Minority Politics, Contribution to Nepalese Studies. 148- 170.

९. माबुहाङ, बालकृष्ण (वि.सं. २०५६) राष्ट्रिय जनगणनामा जनजातिका सहि तथ्याङ्क संकलन गर्न अपनाउनु पर्ने रणनीतिहरु, जनजाति, राष्ट्रिय जनजाति विकास समिति । ८९–९९।

१०. माबुहाङ, बालकृष्ण (वि.सं. २०६०), पृथ्वीनारायण शाहको एकिकरण पूर्ण छैन, एक्काइसौं सताब्दी साप्ताहिक ।

11. NPC. 2005. Nepal Poverty Assessment: Background Paper, World Bank

१२. न्यौपाने, गोविन्द (२०००), नेपालको जातिय प्रश्नः सामाजिक बनोट र साझेदारीको सम्भावना, सेन्टर फर डेभलपमेन्ट, काठमाडौं ।

13. Sharma, Prayag R. (1986), "Ethnicity and National Integration in Nepal: A Statement of Problem, Contribution to Nepalese Studies. 13(2):129-135.

१४. सिल्भा, लेभी (२००५ नया संस्करण), हिन्दू अधिराज्य नेपाल, हिमाल बुक्स।